सम्माननीय/माननीय/श्रीमान्...............................................................

........................................................................................

........................................................................................

........................................................................................

# मुलुकलाई धोका दिनुहुन्न: बस्नेत



काठमाडौं / सशस्त्र प्रहरी महानिरीक्षक सनत कुमार बस्नेतले मुलुक र माटोलाई कहिल्यै ढाँट्नु हुन्न र धोका पनि दिनु हुन्न । हामी जनताका सिपाही हौं । जनताका दानापानी खाएको छौं, त्यसैले नागरिक हित, देशभक्ति हाम्रो परमकर्तव्य हो, त्यो हामीले कहिल्यै भुल्नु हुन्न र जनचाहना अनुसारको कार्यशैली हामीले अवलम्बन गर्नु पर्दछ । महानिरीक्षक श्री वस्नेत सशस्त्र इकाईहरूको निरीक्षणको क्रममा हालै दाङ पुग्नु हुँदा उक्त कुरा बताउनु भएको हो ।

श्री बस्नेतले अन्य इकाईमा झैं दाङ क्षत्रमा पनि निर्देशन जारी गर्दै सशस्त्र प्रहरी बलको छविलाई माथि उठाएर सकल दर्जाका राष्ट्रसेवकहरूले आ-आफ्नो ठाउँबाट कर्त्तव्यनिष्ठ भई इमान्दार पूर्वक काम गर्नु पर्दछ भन्नु हुँदै सरुवा, बढुवा, शान्ति मिशन लगायत कल्याण कारी कार्य एवं प्रशासनिक कार्य सम्पादनमा पारदर्शी ढंगले काम भैरहेकोले समग्रमा भन्नु पर्दा सकारात्मक दिशातिर अगाडि बढिरहेका छौं र पनि कतै कमी कमजोरी देखिए सुधारात्मक कदम चाल्न पनि हामी पछि पर्नु हुँदैन भन्नु भयो । सशस्त्र प्रहरी महानिरीक्षक श्री सनतकुमार बस्नेतको यो ओजनपूर्ण अभिव्यक्ति सशस्त्र प्रहरी बल भित्र मात्र होइन राजनैतिक क्षेत्रभित्र समेत पनि निक्कै चर्चित प्रसङ्ग बन्न पुगेको छ ।

# करेन्ट लागेर हात गुमाए बालकले

**भोजराज श्रेष्ठ**



वीपी प्रतिष्ठान धरानमा उपचारर्थ वाया हात गुमाएका सन्तोष विकको साथमा बुबा ।
*फोटो सोहन श्रेष्ठ*

धरान । विधुत प्राधिकरणको लापरवाहीका कारण एक बालकलाई करेन्ट लागेर गम्भीर घाईते भएका छन् । बिजुलीको पोल उभ्याउन प्रयोग गरिएको तारमा करेन्ट प्रवाह भएपनि त्यसको मर्मत नगर्दा संखुवासभा वाना-६ लिङ्गलिङ्गका ११ वर्षिय सन्तोस विश्वकर्मा करेन्ट लागेर गम्भीर घाईते भएका हुन् ।

असार १५ का दिन विमान स्थल मार्गमा उनलाई करेन्ट लागेको थियो । हाल वीपी कोइराला विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ भने उनको वाया हात जले पछि काटिएको छ । स्थानियवासीले वारम्वार पोल उभ्याएको तार फेर्नु पर्छ भने पनि प्राधिकरणका कर्मचारीले चासो नदेखाएकोले यो समस्या आएको परिवारको गुनासो छ । भने अझै सम्म पनि तार फेरिएको छैन ।

उनी खप्टुवा माध्यामिक विद्यालयकमा कक्षा ५ मा अध्यानरत छन् । करिव २ महिना अघि करेन्ट लागेर घाइते वनेका उनी वीपीमा उपचार भइरहेको छ । भने उपचार खर्च परिवार स्रोतले नै जुटाइरहेको उनका वुवा बमबाहादुर विश्वकर्माले जानकारी दिए । लगातार वर्षाको कारणले तार सर्ट भइ करेन्ट प्रवाह भएको थियो । विजुलीको पोल उभ्याउन प्रयोग गरिएको तार मर्मत नगर्दा करिव १ मिटरमा रहेको झारपात जलेको पिडितका आमा हिरामाया विश्वकर्माले जानकारी दिइन् । झारमा टेक्दा नै पोले जस्तो भयो र म लडे त्यसपश्चात के भयो मलाई थाहा छैन अस्पतालमा सन्तोषले भने । लडे पश्चात नै उनको वाया हातले उभ्याएको तारमा छोएको प्रत्यक्ष दर्शी जनकबाहादुर दर्जीले देखेका थिए । तत्कालै देवलडाडामा पुगेर विजुली अफिसमा फोन गरी करेन्ट प्रवाह बन्द गराएको थियो । तुरुन्त जिल्ला हस्पिटल खादवारी पुऱ्याए पनि त्यहाबाट उपचार गर्न नसक्ने जनाए पछि वीपीमा उपचार गर्न ल्याएका थिए । हाल उनको अवस्था सामान्य भएपनि अस्पतालले २।२ दिनमा ड्रेसिङ्ग गर्नु पर्ने जनाएको छ । वीपीले आइतवार डिस्चार्ज गर्ने संकेत दिए पछि उनका वुवाले भने विरामीलाई केही समय उपचार गर्न डाक्टरहरूसग अनुरोध गरेका छन् ।

करेन्ट लागेर उनको गुप्ताङ्ग साथै अन्य भागमा समेत चोटपटक लागेको छ । उनको वाया हातमा २ पटक सम्म सल्यक्रिया गरिसकेको छ भने गुप्ताङ्ग पनि सल्यक्रिया गर्नुपर्ने डाक्टरले वताए । वाया हात गुमाए पछि परिवार पनि चिन्तित बनेका छन् । कम्तीमा पनि कहा के हुदैछ भनेर जाँचपडताल त गर्नुपर्ने हो हिड्ने मार्गमा त्यसरी तार राख्नु मिल्छ ? उनले आक्रोस पोखे । प्राधिकरणले अव मेरो छोरोलाई पढ्ने व्यावस्था, विमा, रोजगारको सुविधा दिनु पर्ने र पढाई पुरा भएपछि प्राधिकरणले नै जागिर दिनु पर्ने वताउछन् । गरिखाने हात नै नभएपछि त्यति सुविधा पाउनु पर्ने बताए ।

# खै ताजा जनादेश ?

काठमाडौं / युरोप बेलायतको प्रतिष्ठापूर्ण यात्राबाट फर्केपछि फेरि पनि राप्रपा नेपालका अध्यक्ष कमल थापाले खै ताजा जनादेश ?' भन्ने धारणा अघि सार्नु भएकोछ । ठूला भनिने तीन दलहरूबाट राष्ट्रिय राजनीतिको कुनै निकास निकाल्न नसकेको विद्यमान परिप्रेक्षमा वर्तमान संविधान सभा र संसदको औचित्य स्वत: समाप्त भएको उहाँको सटीक तर्क रहेको छ । विदेश भ्रमण पछि स्वदेश आगमनको सन्दर्भमा त्रिभुवन विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै राप्रपा नेपालका अध्यक्ष कमल थापाले फेरि भन्नु भयो नेपाली जन भावना अहिले नयाँ निर्वाचन र ताजा जनादेशमा केन्द्रित छ । तर खै ? नयाँ ताजा जनादेश ? प्रश्न सर्वत्र छ ।

# साना दल पनि चुनावी बहिष्कारमा

काठमाडौं । ठूला तीन दल र मध्यम दल मोर्चाको विद्यामान सन्दर्भलाई दृष्टिगत गर्दै साना दलहरूले पनि आफ्नो घुर्की प्रस्ताव अघि सारेको छ । अस्ति शनिबार बसेको साना लहरूको बैठकले छैठौं पटकको प्रधानमन्त्रीय चुनाव प्रणालीलाई बहिष्कार गर्ने भनेर एक दवावमुकल धारणा अघि सारेको छ । चुनावमा भोट हाल अनिर्णको स्थितिमा नवस भनेर साना दलले गरेको यो निर्णय अन्तत: अख्य रोदन मात्र हुने कि कुनै प्रकारले फुलप्रद रहने आम प्रश्न पनि छ ।

# शिक्षा क्षेत्र अस्तव्यस्त

काठमाडौं मुलुकको शैक्षिक क्षेत्र यतिखेर अस्त व्यस्त छ । स्कूल उच्च शिक्षा, भिविवि जहाँसुकै अहिले शैक्षिक कोलाहले व्यप्त छ ।

फिस नवदाउ, गुणस्तरीय शिक्षा देउ भन्ने नारा एकतिर छ भने -हामीलाई पिरियद वेसीमा कमाउन देऊ धैरै ठाउँमा कमाउ धन्दा गर्न देऊ र शुल्क बृद्धि भएपनि मोटो रकम खुवाउ भन्ने अर्कातिरको प्रोफेसरीय माग छ । यो सन्दर्भमा नयाँ खवर कागजका विश्लेषकहरू भन्दछन्- यतिबढी शैक्षिक अस्तवयस्तता मुलुकमा कहिल्यै आएन । शिक्षा मन्त्रालयको कुनै भिजन छैन र शीविविसँग कुनै स्पष्ट दिग्दर्शन छैन । क्याम्पस चीफहरू राजिनामा दिएर भीसीसँग वार्गेनिङ्ग गर्छन् भनि राजिनामा फिर्ता लिएर आफ्नो तलब सुविधाको माग अघि सार्दछन् । यो प्रकारको स्वार्थ परस्त आर्थिक हित र स्वयमको चिन्तामा केन्द्रित शैक्षिक स्थितिले नेपाली शिक्षार्थीहरूको हितमा के गर्ला ? आम चिन्ता छ ।

# नेपाल विदेशीको अखडा

काठमाडौं । नेपाल ने मुनीको देश अनि नेपाल पृथ्वीनारायण शाहले एकीकृत गरेको पवित्र हिन्दु राष्ट्र । तर के तीसव ऐतिहासिक मान्यता मूल्य र आदर्श अहिले जीवित छ ? यसो प्रश्नको जावाफ न माधव नेपालसँग छ न प्रचण्डसँग र नत रामचन्द्र पौडेल एवं परराष्ट्रमन्त्री सुजाता कोइरालासँग नै छ । सवै हतप्रम मन्त्री सुजाता कोइरालासँग नै छ । सवै हतप्रम छन्, सवै नतमस्तक छन् र सवै आ-आफ्नै सुरतालमा छन् ।

नेपाल अहिले भारतको नव प्रमावी उपनिवेशको रुपमा छ, यो कुरा आम नागरिक समाजका अगुवा भन्नेहरूले भनिरहेका छन् यता आएर अर्को उत्तरी छिमेकी चीनले पनि उत्तिकै चासो राखेको स्थिति छ ।

त्यसैगरी विश्वकै एक प्रमुख राष्ट्र भनिने अमेरिकाले पनि नेपालप्रति उत्तिकै सतर्कतको दृष्टिकोण राखेको छ । हालै एक उपविदेश सहायकमन्त्री पठाएर अमेरिकाले नेपालप्रति आफ्नो गिद्ध दृष्टि अघि सारेको छ ।

तर यी सबै सन्दर्भ र वस्तुनिष्ठ यथार्थमा नेपालको राज्य संरचना तथा परराष्ट्र मन्त्रालयको धारणा अस्पष्ट छ । परराष्ट्रमन्त्री सुजाता न यता न उताको स्थितिमा छिन् । नेपाल भारत र चीनको अखडा अड्डा बनिरहेको र यसमा अमेरिकाले थप चिन्ता प्रकट गरिरहेको अवस्थामा नेपालका परराष्ट्र मन्त्री कहाँछिन् के गर्दैछिन् र नेपालको राज्य व्यवस्था के हेर्दैछ ? आम चासोको विषय रहेको छ ।

## हस्ताक्षर





**(नेपाली भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका जीवित एवं दिवंगत स्रष्टाहरुको संकलित 'हस्ताक्षर' विज्ञ पाठकवर्गका लागि धाराबाहिक रूपमा प्रस्तुत गर्ने क्रममा यस पटक साहित्यकार उत्तम भौकाजीको हस्ताक्षर प्रस्तुत गरेका छौं– सं.)**

**नाम** : उत्तम भौकाजी

**जन्म** : २०२३ वैशाख २३, साँखुटार बजार, रामेछाप

**शिक्षा** : बी.एल.

**बाजे/बजै** : हरिबहादुर भौकाजी

**माता/पिता** : बद्रीदास भौकाजी/दिलकुमारी भौकाजी

**परिवार** : श्रीमती शर्मिला श्रेष्ठ
छोरा अंकित भौकाजी, छोरी प्रियंका भौकाजी

**प्रेरणा** : दिनेश अधिकारी, विष्णुविभू तीर्थ श्रेष्ठका कविताहरु

**पहिलो प्रकाशित रचना**: अक्षरको खेती (कविता)

**मनपर्ने पुस्तक र लेखक**: प्रेमपिण्ड- बालकृष्ण सम

**स्वदेशी/विदेशी अविष्मरणीय**

**व्यक्ति र घटना** : भजन शिरोमणि भक्तराज आचार्यप्रति कविताले सम्मान गरेको क्षण ।

**लेखन आरम्भ** : २०४५ साल

**रूचि** : कविता, गीत, कथा, उपन्यास ।

**विधा** : कविता/गीत

**संलग्नता/सेवा** : संस्थापक निर्देशक, नोवेल एकेडेमी, बानेश्वर

**सम्मान/पुरस्कार** : शिक्षा पुरस्कार २०६४, Youth Ambassador for Peace आदि ।

**कृति** : तीन आँखाको मान्छे (संयुक्त मुक्तक संग्रह, २०४५), जिन्दावाद-मुर्दावाद (संयुक्त कविता संग्रह २०४७), यात्रापछि यात्रा (संयुक्त साहित्यिक कृति), स्पर्श (गीति एल्बम २०६१), वर्डस् (गीति एल्बम २०६६) । प्रकाशोन्मुख : उत्तम भौकाजीका कविता संग्रह ।

**भ्रमण** : संयुक्त राज्य अमेरिका, चीन, सिंगापुर, थाइल्याण्ड, भारत ।

**मनपर्ने चिज** : फूल (कुनै पनि)

**मान्छेप्रतिको दृष्टिकोण** : सहयोगी, आत्मीय र करुणा भावले भरिएको असल प्राणी नै साँचो अर्थमा मान्छेको प्रतिविम्ब हो जस्तो लाग्छ ।

**नयाँ नेपालको परिकल्पना** : सबै जाति, धर्म, लिंग र समुदायको समान उपस्थित रहोस् र भोलिको पुस्ताले 'हामी नेपाली हौं' भन्ने कुरा गर्वका साथ भन्न सकून् र मनन् गरुन् ।



**ठेगाना** :
म्हेंपी, नयाँ बजार, काठमाडौं, फोन : ४-३५८४५८ (घर), ४-७८१५१५ (अफिस), ९८५१०३४४४१ (मोबाइल)
*email: uttambhaukajee@hotmail.com*

**स्नातक तह तृतीय वर्षको कार्यमूलक पत्रकारिताका विद्यार्थीहरुलाई सूचना**

**विगत दश वर्षदेखि विद्यार्थीहरूको असहजतालाई ध्यान दिंदै "कार्यमूलक नेपाली पत्रकारिताको "नमूना अंक" लाई सरल मूल्यमा भनेकै समयमा प्रकाशित गरी शतप्रतिशत उत्तीर्ण गराउन मद्दत पुऱ्याउँदै आएको सप्तकोशी कम्प्युटरमा सम्पर्क राख्नुहोला ।**

**बागबजार, पि.के. क्याम्पस अगाडि**

**कार्यालय फोन : ४२४५१८५, टंक कार्की (९८४१-३९६५७८)**
**खगेन्द्र कार्की (९८४१-४८०१०४, ९७२१-५०६७२९)**

नेपाली हुन पूर्व जन्मको कमाईले पुग्दैन
पुर्खाको पौरख, श्रम र आशिष मात्रले पुग्दैन
नेपाली हुन पवित्र आत्मा, नेपाली चाहिन्छ
पराया मुटु दौराको फेरले छोपेर पुग्दैन ।

-स्व.गोपाल योञ्जन (वरिष्ठ गीत एवं संगीतकार)

सम्पादक/प्रकाशक
ज्ञान उदास

व्यवस्थापक
प्रेमा उदास

कानूनी सल्लाहकार
गायत्रीप्रसाद घिमिरे

प्रमुख सल्लाहकार
ईश्वर पराजुली

कार्यकारी सम्पादक
सञ्जिव वाग्ले

संवाददाताहरू
भोजराज श्रेष्ठ 'एकलब्यराज' (पूर्वाञ्चल)

कम्पुटर : सप्तकोशी प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.लि., पीके क्याम्पस अगाडि
फोन : ४२४५१८५, ९८४१३९६५७८, ९८४९२५९२३५
पोष्ट बक्स नम्बर : २०४१३, मुद्रण : शर्मिला प्रिन्टर्स डल्लु, काठमाडौं, फोन : ४२७५६१६
कार्यालय : कामनपा–७, चाबहिल, बुलबुले मार्ग, फोन : ४४७१७७६
मोबाइल : ९८४१-२५१९३६, ईमेल : tank_karki99@yahoo.com
उपत्यका वितरक : यज्ञ न्यौपाने, भूगोलपार्क : ९८५१०-५८७३०

## सम्पादकीय

# जटिल राजनीति, जटिल स्थिति

नेपालको राजनीति जटिल मोडबाट गुज्रेको छ । नेपाली राजनीति कुनै पनि स्थितिमा ठीक ढंगले गइरहेको छैन । नयाँ खबरकागजले विगतका आफ्ना प्रकाशित अंकहरुमा जे-जसरी नेपाली राजनीतिको जुनप्रकार विश्लेषण गरेको थियो, त्यो यथार्थ थियो । अनि अहिले पनि छ त्यस्तै ।

राजनीति एक श्रेष्ठ नीति मात्र हैन, मुलुक र जनतालाई दिशा-निर्देशित गरी सबैको हितकारी कार्यमा संलग्न गराउने एउटा निश्चित पद्धति पनि हो । तर नेपालको राजनीति न श्रेष्ठ न त त्यसप्रकारको हितकारी पद्धति नै बन्न सकेको छ । नेपालको राजनीति जटिल छ । राजनीतिलाई माकुराको जालो जस्तो जटिल बनाउनमा नेपाली राजनीतिक शिखर पात्र भन्नेहरु नै उद्यत छन् । विदेशीको दास र गोटी बनेर अनि नेपालका कोठीहरुमा बसेर गोटीचाल गर्नेहरुले नै नेपाली राजनीतिलाई विशाक्त बनाइरहेका छन् । राजनीति जब ठीक हुँदैन, तब मुलुकको राजनीतिक पद्धतिले काम गर्दैन अनि मुलुकको स्थिति कसरी ठीक हुन्छ ? अहिले ग्याँस, सिमेन्ट, खाने तेल, खाद्यान्न आदि सबै वस्तुमा कुनै शुद्धता छैन । कालाबजारी गरेर, उपभोक्तालाई ठगेर कमाऊ धन्दा गर्नेहरुले टाउको उठाइरहेका छन् । वनजंगल, भूमि, नदी, खानी, सबैतिर मनपरी छ । जसले जे गरे पनि हुन्छ, जसो गरे पनि हुन्छ । कतै कुनै विधि ब्यवस्था तथा स्थिर बन्दोबस्त छैन । जटिल राजनीतिले खडा गरेको यो जटिल स्थिति आफैंमा भयावह, उदेकलाग्दो छ । तर गर्ने के ? यहाँ हेर्ने को ? आम प्रश्न छ । तर प्रश्नको उत्तर के ? केही पनि छैन । जटील राजनीतिको यो जटिल स्थितिलाई समाल्ने बनाउने को ? आम चासो र चिन्ता यही छ ।

# राजा हुनुपूर्व ज्ञानेन्द्रका कृयाकलाप

## प्रसङ्ग - इन्दिरा अर्याल

राजा ज्ञानेन्द्रको जन्म वि.सं. २००४ साल आषाढ २३ गते तद्नुसार सन् १९४७ जुलाई ७ तारिखका दिन तत्कालीन युवराज महेन्द्र तथा स्व. युवराज्ञी इन्द्रराज्य लक्ष्मी देवी शाहका महिला छोराको रुपमा नारायणहिटी राजदरबार काठमाडौंमा भएको थियो । उनको लालनपालनमा आमा इन्द्रराज्य लक्ष्मी पछि मुमा रत्नराज्यलक्ष्मीको ममता र वात्सल्यमा भएको हो । उनलाई तीन वर्षको कलिलो उमेरमा श्री ३ मोहन शमशेरले जहानिया राण शासन जोगाउने अभिप्रायबाट नेपाल अभिराज्यको महाराजाधिराज घोषित गरेका थिए । राजा ज्ञानेन्द्र राजपरिवारको एउटा सदस्यले नेपाल नछोड्ने राजा त्रिभुवनको नीतिअनुरुप मामाबाजे हरिशमशेरको घरमा बसेका थिए । प्रजातन्त्र प्राप्तिको लागि नेपाली काँग्रसको नेतृत्वमा राणाशासन विरुद्ध संघर्ष भइरहेको बेला राजा त्रिभुवनको भारत गमनपछि रिक्त भएको राजगद्दीमा श्री ३ मोहन शमशेरले पहिलो पटक वि.सं २००७ साल कार्तिक २२ गतेदेखि वि.सं. २००७ साल फाल्गुन ४ गते सम्म ज्ञानेन्द्रलाई महाराजाधिराज बनाइएका थिए र उनको नाममा टक पनि छापिएको थियो ।

राजा ज्ञानेन्द्रको प्रारम्भिक शिक्षा नेपालमा नै भए पनि उनले सिनियर क्याम्ब्रिज परीक्षा भारतको सेन्ट जोसेफ कलेजबाट पास गरेका थिए । वि.सं. २०२६ सालमा त्रिभुवन विश्वविद्यालयबाट उच्च शिक्षा पूरा गरेका राजा ज्ञानेन्द्रको शुभविवाह केन्द्र शमशेर ज.व.रा. र राज्यलक्ष्मी राणाकी माहिली छोरी कोमल राज्यलक्ष्मीका साथ विं.सं २०२७ साल बैशाख १९ गते सम्पन्न भएको थियो । उहाँहरूको एक छोरा युवराज पारस र छोरी प्रेरणा राज्यलक्ष्मी देवी सिंह हुनुहुन्छ ।

आफ्नो प्रिय दाज्जू तत्कालीन महाराजधिराज वीरेन्द्रको सपरिवारको मृत्युपछि नेपाल अधिराज्यको संविधान २०४७ को भाग ५ अनुसार गद्दीनसीन महाराजधिराज श्री ५ ज्ञानेन्द्र वीरविक्रम शाहदेव होइवक्सेको हो । नेपाल अधिराज्यको अस्तित्व संकटमा परेको बेला राष्ट्र र जतनाको सर्वोत्तम हितलाई ध्यानमा राखेर कार्य गरेका राजा ज्ञानेन्द्रलाई माओवादीले आफ्नो उर्वर राजनीतिको लागि दरबार काण्डको दोषीको रुपमा नेपाली जनतासामु प्रस्तुत गऱ्यो । नेपालमा डलर खेती गर्ने थुप्रै एन.जि.ओ. तथा आई.उन.जि.ओ.हरूले पनि दरबार हत्याकाण्डलाई रंगीन बनाएर विश्व सामुदाय सामु पस्किए । दरबार दुर्घटनाको समयमा विदेशी पाहुनासँग चितवन र पोखरामा व्यस्त रहेका राजा ज्ञानेन्द्रमाथि आरोप लगाएर राजनीति खेती गर्ने माओवादी र तत्कालीन प्रतिनिधिसभाका विपाक्षी दलका नेताले छानविन कमिटीमा नबसेर नेपाल अधिराज्यलाई संकट ग्रस्त बनाउन नै मद्दत पुऱ्याएको देखिन्छ ।

राष्ट्रमा राजनीतिक संकट परेको वेलामा वि.सं. २००७ सालमा पहिलो पटक राजा भएका श्री ५ ज्ञानेन्द्र आफ्ना पिता राजा महेन्द्र भन्दा पहिले नेपाल अधिराज्यको राजगद्दीमा बसेका थिए भने दोश्रोपटक तत्कालीन राजा वीरेन्द्रको सपरिवारको अस्वभाविक र अप्रत्याशित विनास पछि वि.सं. २०५८ जेठ २२ गते बसेको राजपरिषद्को बैठकले नेपाल अधिराज्यको महाराजधिराजमा तत्कालिन श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीरविक्रम शाहदेवलाई घोषणा गरेको थियो । विकट परिस्थितिमा राजा हुन पुगेका राजा ज्ञानेन्द्रको बारेमा विभिन्न व्यक्तिका विचारहरू यहाँ प्रस्तुत गर्नु उपयुक्त देखिन्छ ।

**राजा ज्ञानेन्द्र राजपरिवारको एउटा सदस्यले नेपाल नछोड्ने राजा त्रिभुवनको नीतिअनुरुप मामाबाजे हरिशमशेरको घरमा बसेका थिए । प्रजातन्त्र प्राप्तिको लागि नेपाली काँग्रसको नेतृत्वमा राणाशासन विरुद्ध संघर्ष भइरहेको बेला राजा त्रिभुवनको भारत गमनपछि रिक्त भएको राजगद्दीमा श्री ३ मोहन शमशेरले पहिलो पटक वि.सं २००७ साल कार्तिक २२ गतेदेखि वि.सं. २००७ साल फाल्गुन ४ गते सम्म ज्ञानेन्द्रलाई महाराजाधिराज बनाइएका थिए र उनको नाममा टक पनि छापिएको थियो ।**

भूतपूर्व प्रधानमन्त्री सूर्यबहादुर थापा भन्छन् 'नेपाल अधिराज्यको गौरबमय परम्परा, संस्कृति, एकता र संरक्षणको प्रतीकको रुपमा रही आएको राजसंस्थाको जिम्मेवारी सम्हालेपश्चात् मौसुफबाट नेपाली राजसंस्थाले निर्वाह गरेको धर्म, कर्तव्य र दायित्वलाई अत्यन्त निष्ठा एवं प्रतिबद्धतापूर्वक निर्वाह भएको छ ।' भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवा भन्छन् 'प्रजातन्त्रमा संवैधानिक राजाको भूमिका के र कस्तो हुनुपर्छ भन्ने मौसुफमा प्रचुर ज्ञान भएको मैले पाएको छु ।

पूर्व सभामुख तारानाथ रानाभाट भन्दछन् 'संबैधानिक राजतन्त्रको मर्मलाई बुझेर चिन्तन मनन गरिबक्सेका श्री ५ ज्ञानेन्द्र खुला छलफलद्वारा कुरा प्रष्ट पार्न सक्ने क्षमताशील राजाको रुपमा मैले पाएको छु । मौसुफमा शासकीय वौद्धिक विशेषता निहित छ । पर्यटन व्यवसायी याङ्किला शेर्पा भन्छिन् 'श्री ५ ज्ञानेन्द्रले महेन्द्र प्रकृति संरक्षण कोष अन्तरगत अन्नपूर्ण क्षेत्रमा संचालित अन्नपूर्ण क्षेत्र कार्यक्रम (एस्क्याप) ले गरेको काम प्रशंसनीय छ ।'

पूर्व प्रधान सेनापति प्रज्ज्वल समशेर ज.ब.रा. भन्छन् 'नेपाली संस्कृति, मूल्य मान्यताको धरोहर राजसंस्था नेपालको अपरिहार्य आवश्यकता हो र वर्तमान महाराजधिराज ज्ञानेन्द्रमा सूचना, जानकारी र ज्ञानको विराट भण्डार छ ।'

कान्तिपुर पब्लिकेशनका पूर्व अध्यक्ष हेमराज ज्ञवालीको मान्यता यसप्रकार छ 'देशलाई हानी हुनबाट रोक्न श्री ५ बाट समयमा नै वर्तमान संकटको भूमरीबाट पार लगाई शान्ति र समृद्धिको दिशातर्फ लग्न अभिप्रेरित गर्नुपर्दछ ।'

त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति त्रैलौक्यनाथ उप्रेती भन्छन् 'आर्य परम्परा र संस्कृतिको जगेर्नाको लागि एउटा आदर्श राजा र राजसंस्था अपरिहार्य छ । श्री ५ ज्ञानेन्द्र शिक्षा प्रेमी प्रकृति र संस्कृतिको संरक्षक होइबक्सन्छ ।'

नेपाल टेलिभिजनका पूर्व महाप्रबन्धक दुर्गानाथ शर्माको भनाई यस प्रकार छ 'श्री ५ ज्ञानेन्द्र अत्यन्त मिजासिलो, नम्र, अहंकार रहित, सहज, सरल र मैत्रीपूर्ण व्यक्तित्वको रुपमा देखियो । विश्वकै उच्च व्यक्तिको रुपमा मैल प्रायः जसो राष्ट्राध्यक्ष सरकार प्रमुखसँग अन्तरवार्ता गरेको छु तर मौसुफसँग लिएको अन्तरवार्ता अहिले हेर्दा पनि मलाई अत्यन्त ज्ञानवर्द्धक र सन्तोषपूर्ण लाग्दछ ।'

प्र.म. माधव कुमार नेपाल भन्दछन्, 'नेपालमा राजसंस्थाको प्रजातान्त्रिक आचरणले नै नेपलको राजसंस्थालाई विश्व समुदायसामु उच्च पारेको कुरा राजा स्वयंले निकै संवेदनशीलताका साथ महशुस गर्दै त्यसका निम्ति खेलेको भूमिकाको आधारमा राजाको राजकीय कुशलताको मुल्यांकन हुन्छ ।'

उपरोक्त विभिन्न व्यक्तिका भनाईले राजा ज्ञानेन्द्रको बहुमुखी प्रतिभा र राजसंस्थाको अपरिहार्यतालाई दर्शाएको देखिन्छ तर वर्तमान समयमा नेपाल अधिराज्यमा राजा पाखा लागेर बसेका छन् राष्ट्रमा राजनीति, समाज, आर्थिक स्थिति,सुरक्षा स्थिति सबै क्षेत्र अत्यन्त अन्योलपूर्ण परिस्थितिमा रुमलिइरेहेको देखिन्छ । यो पुस्तकको उद्देश्य राजा ज्ञानेन्द्रको व्यक्तित्वमा प्रकाश पार्ने रहेकोले त्यसतर्फ नै उन्मुख भएको छ ।

नयाँ खबरकागज साप्ताहिक



# किन मौन छन् समाजशास्त्रीहरू ?



डा. तारानाथ शर्माले भदौ १६ गते नयाँ खबरकागजमा लेख्नुभयो- 'कृतघ्न नेपाली बौद्धिक जगत ६४-६४ जनाको लावालस्कर लिएर हस्तिनापुरको शोभायात्रातर्फ लागेका कमण्डलुधारी बाबाको प्रशस्ति गाउनतिर एकोहोरियो । भोजन, भत्ता र भारतीय भीक्षाको लोभमा राल काढ्दै राष्ट्रको धन मोजमज्जा र वायुयान भ्रमणमा स्वाहा पार्न पल्केको यो निकृष्ट र भ्रष्ट भीडलाई हाम्रो राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता र विकासप्रति कुनै चासो पनि छैन र वास्तवमा चेतना वा ज्ञान पनि छैन । कुर्सी प्राप्ति र रक्षाको यस अन्धमोहले यी हठधर्मीहरूलाई महमा डुबेको झिँगासरह तुल्याएको छ ।' भानुभक्त आचार्य, भीमनिधि तिवारी, लेखनाथ पौड्याल, बाबुराम आचार्य, बालकृष्ण सम, पारसमणि प्रधान, महाकवि देवकोटाको जन्मजयन्ति राज्यले भुलेको आक्रोश थियो यो ।

आजभन्दा ५७ वर्ष अगाडि दार्जिलिङ्गको चोकबजारमा उभिएर महाकवि देवकोटाले बोलेका ऐतिहासिक वाक्यको सम्झना भइरहेछ । 'सम्पूर्ण रोम महानगरी भयावह आगोमा दन्दनी सल्किरहेको थियो तर सम्राट नीरो भने बेफिक्रीसित वीणा बजाइरहेका थिए ।' आजको लोकतान्त्रिक नेपालका लोक सम्राटहरु निरोजस्तै बनेर जनताका पसिनामा स्वास्नी, छोरा र आफन्तलाई च्यापेर विदेश घुम्न गइरहेछन् । विदेशी दरवारहरूमा चाकडीवालाहरूको पल्टन पछि लगाएर भोजमा मग्न भइरहेछन् । असरल्ल नेपालका निःसहाय र निमुखा नेपाली जनता सामान्य औषधि र उपचारसमेत नपाएर भुकु-भुकु मर्दैछन् ।

कृष्णप्रसाद पराजुलीले पूर्व १ नम्बर ग्रन्थ लेख्दा 'जन्मेको माटालाई माया गरेर राम्रो गर्नुभयो, धन्यवाद' भन्ने एकजना पनि बासुदेव लुइटेल आज छैनन् भनेर थक्क-थक्क मान्नुभएको छ । यी तिनै बासुदेव लुइटेल हुन् जसले उत्तराधिकारीलाई खाँदा- 'होस हराउने चीजबीज नखानु, लाउँदा- भड्किलो देखिने लुगा नलाउनु, काम गर्दा- इमानदारी र मेहनतका साथ गर्नु र ज्याला लिदा- चलनचल्तीअनुसार मात्र लिनु' भनेर ज्ञान दिएर गएका थिए । आज सक्कली दाँत देखाएर नक्कली हाँसो हाँस्ने र बेइमानसँग मितेरी गाँस्ने राजनीति प्रभावित हाम्रो समाजमा महाभारतका बिदुरजस्ता बासुदेव कतिजना होलान् ?

राजा महेन्द्रबाट कविकेसरीको पदवी पाएका चित्तधर हृदय यस्ता व्यक्ति हुन्, जसले राणा शासनको जेलमा साधना केन्द्र खोलेका थिए । उनका जेलका सहयात्री थिए- गणेशमान सिंह, पत्रकार फत्तेबहादुर सिंह, कलाकार चन्द्रमान मास्के र कवि सिद्धिचरण श्रेष्ठ । देश र जनताको आवाज बुलन्द गर्ने अर्का कवि थिए- युद्धप्रसाद मिश्र । जनहृदयको हुङ्कार निकाल्ने युद्धप्रसाद मिश्रका रचनाहरु १९८६ मा भीमशमशेरले पाण्डुलिपि नै च्यातिदिएका थिए भने अमर कथा भन्ने किताव छापिदा छापिदै जफत गरेका थिए । यी तिनै युद्धप्रसाद हुन्, जसले नेपाल र नेपालीका लागि राणाको जेलनेलको पर्वाहासमेत गरेनन् । आजका लोकनेताहरु युग चेतना छर्ने स्रष्टाहरु, राष्ट्रका सौन्दर्य र जनताका पक्षलाई रक्ष्यानमा फेकिरहेका छन् । समाजका निर्देशक समाजशास्त्रीहरूभित्र बिबेक सिद्धियो क्यार ? चेतनाहरु राजनीतिका आँखामा किन यति साह्रै कसिङ्गर बनेर बिझाएका होलान् ?

आजका समाजका अगुवाहरु बटर दलेको बकस खाने बर्गमा पर्छन् र यो बर्ग बढ्दै गइरहेको छ । राहुकेतु राजनीतिमा हावी छ र टपरे नेताहरु राज्य नेतृत्व सम्हालिरहेका छन् । राष्ट्रवादको एउटा चौतारो भत्काउने धेरै निस्किए, अर्को चौतारो चिन्ने कोही भएनन् । राजनीति नेपालमुखी हुनुपर्ने हो, भारतमुखी हुनपुगेको छ । होण्डुरसको जस्तो जेनोसाइडको विष फैलदै गएको छ । एकता, मुक्ति र शान्तिको खोज सुरू नै भएको छैन । हरेक बर्गका अगुवाहरु भोजमा मस्त छन् । अगुवा भ्रष्ट भए पछि समाज र राष्ट्रमा बिकृति बढ्छ ।

झट्ट सुन्दा प्रत्येक पार्टीका अभिव्यक्ति राष्ट्रवादी छन् तर तिनका व्यवहार र चरित्र अराष्ट्रवादी । देश निर्माणको अवस्थामा समाजशास्त्रीहरूले नेताहरूलाई सही बाटो देखाउनु पर्ने हो, समाजशास्त्री आफै दिग्भ्रमित हुनपुगेका छन् । राजनीतिमा अनेक घटना घट्न सक्छन्, तर राष्ट्रभक्ति बिभाजित हुन दिनु हुँदैनथ्यो । नयाँ नेपाल बनाउने आवरणमा देशलाई बाइसे वा चौबिसे राज्यको अवस्थामा पुऱ्याउन खोज्नु भनेको मुटु फक्लक्कै टुक्रा पार्नु हो । सम्हालीनसक्नुको समस्या सिर्जना भइसक्दा पनि समाजशास्त्रीहरु बोल्दैनन्, किन ?

शासन- नीति, बिधि र सिद्धान्तले चलाउनु पर्छ । शासनमा लोककल्याणकारी शासनका गुणहरु विद्यमान रहनैपर्छ । लोकतिर फर्केको शासन विदेशमुखी हुन सक्दैन ।

**दृष्टिकोण** - राजन कार्की -

**आजका समाजका अगुवाहरू बटर दलेको बकस खाने बर्गमा पर्छन् र यो बर्ग बढ्दै गइरहेको छ । राहुकेतु राजनीतिमा हावी छ र टपरे नेताहरू राज्य नेतृत्व सम्हालिरहेका छन् । राष्ट्रवादको एउटा चौतारो भत्काउने धेरै निस्किए, अर्को चौतारो चिन्ने केही भएनन् । राजनीति नेपालमुखी हुनुपर्ने हो, भारतमुखी हुनपुगेको छ । होण्डुरसको जस्तो जेनोसाइडको विष फैलदै गएको छ । एकता, मुक्ति र शान्तिको खोज सुरु नै भएको छैन । हरेक बर्गका अगुवाहरू भोजमा मस्त छन् । अगुवा भ्रष्ट भए पछि समाज र राष्ट्रमा बिकृति बढ्छ ।**

सत्तामा नेपाली बसेका देखिन्छन्, निर्णय विदेशबाट आउँछ । यो राजनीतिक दिवालियापन, बौध्दिक अपाङ्गता र पाङ्ग्रा खुस्किएको रथजस्तो भएन र ? यो वास्तविकता घामजत्तिकै छर्लङ्ग हुँदा पनि समाजशास्त्रीहरु रहस्यमय साधिरहेका छन् । समाजशास्त्री माटोमाथि कहाँनेर उभिएका छन् ? के समाजशास्त्रीहरु पनि स्वार्थशास्त्रीमा परिणत भइसके ?

के बुध्दिजीवीहरूले, विज्ञ, बिधिशास्त्री र समाजशास्त्रीहरूले कुनै एउटा दलको झोला बोक्नैपर्छ ? म यो दलको भनेर निधारमा टीका लगाउनै पर्छ ? यिनीहरु साझा र देशका सम्पत्ति बन्न सक्दैनन् ? यस्तो परिदृश्य देख्दा नेपाल राष्ट्र कङ्गाल भयो भन्दा हुन्छ । एउटा बुद्धिजिवीले जब बाँच्नका लागि, स्वार्थपूर्तिका लागि, अवसरका लागि, विवेकलाई कुनै दलको स्वार्थमा थिचेर, किचेर बन्दक राख्नुपर्ने अवस्था आउँछ, त्यो देश 'निरोको देश' नेपाल हुन्छ । गैरन्यायिक अपराध र बढ्दो दण्डहीनताले बिधिलाई बलात्कार गरिरहेको अन्याय र असमानता बढ्दा पनि समाजशास्त्रीहरु राष्ट्रका लागि बोल्दैनन्, जिब्रो तालुमा टाँसेर बस्छन् भने नेपालको स्वतन्त्रता कुन हदमा साँघुरिसकेछ ?

राजनीतिले कहिलेकाहीँ बाटो बिराउँछ । संक्रमणकालमा त यसको सम्भावना झनै प्रवल हुन्छ । आजको नेपालमा राजनीति मूलबाटोमा छैन । यस्तो अवस्थामा खगेन्द्र संग्रौला, श्याम श्रेष्ठ, सुन्दरमणि दीक्षित, कनकमणि दीक्षित, कृष्ण पहाडी वा डा. देवेन्द्रराज पाण्डेजस्ता स्वनामधन्य नागरिक समाज र आलोचकहरुले बरालिएका संविधानसभा, सरकारका पाइलाहरूलाई 'खबरदार' भनेर प्रभावकारी नागरिक मत तैयार गर्न अघि सर्नुपर्थ्यो । बुध्दिनारायण अथवा गणेशराज शर्माहरु बोल्नुपर्थ्यो । एकजना भीमार्जुन आचार्य प्रकट भएका छन्, उनलाई पनि मार्ने धम्की आएछ । मान्छे भनेको सिकार खेल्ने जनावर हो ? पत्रकारहरु केही लेख्न थालेका थिए, रोक्न बन्दूक दागियो, बन्दूक ताकियो । नागरिक समाजको बोली नफुट्नाले यसैगरी हुन्छ । न्यायाधीश हुनका लागि कुनै नेताको चाकरी गर्नुपर्ने, पद बचाउन कुनै दलको सदस्य बन्नुपर्ने र कुनै दलको सिफारिस सबैभन्दा ठूलो योग्यताको प्रमाण हुन्छ, यो देशमा बिधिको शासन छ भनेर कसरी मान्ने ? यस्तो देश मेरो नेपाल हो, जहाँ चाकरी नगर्ने कुनै पनि काविल व्यक्ति पियनदेखि संवैधानिक अङ्ग अथवा स्थानमा नियुक्त, सरूवा वा बढुवा हुन सक्दैन । नागरिकले राज्यका सुविधाका लागि समेत राजनीतिकरण हुनुपर्ने अवस्था विकसित भइसकेको छ । यसरी 'लोकतान्त्रिक रक्तपात र आतङ्कवाद' बढ्दै गएको छ ।

तमलोपाका नेता महन्थ ठाकुरले प्वाक्कै भनेका छन्- एक मधेस हुन्न भने एक नेपाल पनि रहन्न । राजनीतिक भागबण्डाको झगडामा राष्ट्र टुक्र्याउने कुरा कहाँबाट आयो ? के राष्ट्र भनेको दलहरूले भागबण्डा गरेर खाने केकको टुक्रा हो । जसलाई जतिखेर मनलाग्यो, उतिखेर जति टुक्रा पारे पनि हुन्छ ? यसरी राष्ट्र बिखण्डन गर्ने कुरा उठाउने व्यक्ति संविधानसभामा छ । हिन्दी राष्ट्रभाषा हुनुपर्छ भन्ने व्यक्ति उपराष्ट्रपति बनेको छ । बिखण्डनका श्वरहरु क्षेत्र-क्षेत्रमा चर्किदै गएका छन् । धतुरो झार्नुपर्ने नेता राष्ट्र बिखण्डन गर्न आतूर देखिदैछन् । तैपनि सुसुप्त राष्ट्रवाद जागेको छैन । नागरिक समाजका अगुवाहरु मौन छन् । पार्टीको अधिकारका लागि बोल्ने मानवाधिकारवादीहरु राष्ट्राधिकारका बारे बोल्दैनन् । नेता, समाजशास्त्री अथवा विज्ञ हुनुको नैतिक धरातल हुन्छ कि हुन्न ?

देश शान्ति भन्दाभन्दै युद्धको सघारमा पुगिसक्यो । राजस्व घिच्नेहरु राज्यधर्म निर्वाह गरिरहेका छैनन् । जनतालाई भ्रममा राख्ने राजनीतिक बर्ग बौध्दिक समुदायलाई बँधुवा बनाइरहेको छ । बिद्रोह गर्नुपर्ने र लक्ष्य हराएकालाई सन्मार्ग देखाउनु पर्ने बुध्दिजीवी र समाजशास्त्रीहरु दूधे बालक बनिरहेका छन् । राजनीतिले गंगा नुहाएर नेपालको काजक्रिया गर्न थालिसकेको छ । कम्तिमा समाजशास्त्रीहरु त यति डरलाग्दो बेइमान नहुनु पर्ने हो, देश बालेर आगो नताप्नु पर्ने हो । समाजशास्त्रीहरूबाट समाजका प्रति यति ठूलो धोका, कति निठुरी भएका समाजका अगुवाहरु ? यी अगुवा नै हुन् कि भगुवा ? किन मुख खोल्दैनन् समाजशास्त्रीहरु ? समाज राजनीतिक फोहरको पहाड बनिसक्दा केही त बोल विज्ञ, व्यवस्थापक र समाजशास्त्रीहरु ? कहाँ छन्, समाजशास्त्रीहरु ?

# कवि युद्धप्रसाद मिश्र



– लेखक : गोपाल पराजुली –

*हाम्रो भैंसी बुबु दिन्छ*
*बुबुचाहिँ अरुले किन्छ*
*अनि पछि ढिँडो निस्तै हुन्छ*
*बहिनी रुन्छे, भाइ रुन्छ ।*
XXXXX
*आँधी आयो, असिना आयो*
*जन्ती बस्ने घरै उडायो*
*स्यालको बिहे भाडभाडभुडभुड*
*आज असार भोलि साउन*
*घामपानी-घामपानी स्यालको बिहे*
*कुकुर जन्ती बिरालो बाहन ।*

माथिका यति राम्रा बालकविताहरू लेख्ने कवि युद्धप्रसाद मिश्र हुन् । उनको जन्म वि.सं. १९६४ साल पुस २७ गते भक्तपुर जिल्लाको सुम्लिङटारमा भएको थियो । उनका बाबुको नाउँ रुद्रप्रसाद मिश्र र आमाको नाउँ गीताकुमारी थियो ।

युद्धप्रसादको घरको आर्थिक अवस्था कमजोर थियो । उनका परिवार खेती किसानीको काम गर्थे । त्यति बेला विद्यालयहरू पनि धेरैवटा थिएनन् । त्यसैले उनले विद्यालयमा गएर पढ्न पाएनन् । उनले जे-जति पढे घरैमा पढे । उनले जे-जति जाने आफूले भोगेको व्यवहारबाटै जाने ।

विद्यालयमा गएर पढ्न नसके पनि उनी जान्ने-बुझ्ने मान्छे थिए । त्यसैले उनले सानै भए पनि एउटा जागिर पाए । त्यस बेला देशमा राणाशासन थियो । उनले पनि राणाहरुकै कृपाबाट जागिर भेट्टाएका थिए । उनी जागिर खाँदा पनि कविताहरू लेखिरहन्थे । सानैदेखि कविताहरू लेख्न थालेकाले आफ्नो मनलाई छुने कुरा देखे भने उनी कविताहरू लेखिहाल्थे ।

वि.सं १९८८ सालमा गोरखापत्रमा 'विद्यार्थी शिक्षा' शीर्षकको उनको कविता छापिएको थियो । छापिएको उनको पहिलो कविता त्यही थियो । त्यो कविता निकै राम्रो थियो । त्यसैले धेरै जनाले उनको सह्रानी गरे । राम्रो कविता लेख्दा छापिँदो रहेछ र सबैले सह्रनी गर्दा रहेछन् भन्ने लागेर उनी कविताहरू लेख्न झन् हौसिए ।

पहिले-पहिले उनी वनजङ्गल, चराचुरुङ्गी, नदीनाला, हिमाल पहाड आदिका विषयमा कविताहरू लेख्थे । 'चरा' शीर्षकको कविता लेखेपछि उनले त्यस बेलाको ठूलो साहित्यिक संस्था 'नेपाली भाषा प्रकाशिनी समितिबाट नगद पुरस्कारसमेत पाएका थिए । त्यसपछि चाहिँ उनी समाजमा देखिएका नराम्रा कामकुराहरूको विरोध गरेर कविताहरू लेख्न थाले । त्यस्ता कविताहरूलाई क्रान्तिकारी कविता भनिन्थ्यो । त्यस्ता कविताहरू लेखेको दोष लगाएर उनको जागिर खोसियो । उनलाई मुद्दा लाग्यो । उनी दोषी ठहरिए । उनलाई वीरगन्जको झ्यालखानामा राखियो । यो घटना २००४ सालको हो ।

बीरगन्जको झ्यालखानामा रहँदा साहित्यकार श्यामप्रसाद शर्मासँग उनको चिनापर्ची भयो । दुवै जना झ्यालखानामा नै कविताहरू लेख्न थाले । युद्धप्रसाद कविताहरू लेखेर श्याम प्रसादलाई सुनाउँथे । श्यामप्रसाद निबन्धहरू लेखेर युद्धप्रसादलाई सुनाउँथे । आपसमा छलफल गरी लेख्दा दुवै जनाको लेखाइ राम्रो भयो ।

झ्यालखानाबाट छुटेपछि युद्धप्रसाद भक्तपुरमा नै आए । फेरि अर्को मुद्दा उनीमाथि लाग्यो उनको घर पनि लुटियो । आफ्नो घर लुटिएको पीरले उनका जेठा छोरा घर छाडेर हिँडे । उनी कहाँ छन् । र कहाँ गए, आजसम्म थाहा छैन । २०१७ सालमा देशमा राजनीतिक परिवर्तन भयो । त्यो परिवर्तन युद्धप्रसादलाई मन परेन । उनले त्यो परिवर्तनको विरोध गरेर कविताहरू लेखे । त्यसपछि त उनी भक्तपुरबाटै पनि धपाइए । उनी परिवार लिएर



## जीवनी

भारत गए र उतै बसे । त्यहाँ पुगेर पनि उनले कविताहरू लेखिरहे ।

उनका कविताहरूमध्ये 'सूर्यघाटमा', 'चरा', चरखण्डीको खोच', 'वनकालीमा', 'जाबीको चरा', 'जलन', 'काम पाऊँ', 'हामी','आवारा', 'मेरो युगको छाती', 'मुठभेड', भोका र नाङ्गा उठ' आदि शीर्षकका कविताहरू प्रसिद्ध छन् ।

उनी मान्छेको मन छुने कविताहरू लेख्थे । उनका कविताहरू यस्ता खालका छन् -

क्रान्तिकारी चरित्रका वीर स्वाभिमानी
देखाइचौ तिमी पनि नेपालीको पानी
बढ्दै जाऊ यथार्थको धरातलमाथि
मानवीय न्याय खोज्दै लड्दै जाऊ साथी ।

यस्ता क्रान्तिकारी कविताहरू लेखेर उनले भारतमा निकै वर्ष बिताए । पछि उनका छोराछोरीहरू काठमाडौं फर्किए, उनिचाहिँ फर्किएनन् । उनका छोराछोरीहरू काठमाडौंको प्याफलमा डेरा लिएर बस्थे । छोराहरू टुँडिखेलमा औषधीहरू बेच्थे, छोरीहरू पढ्थे । युद्धप्रसाद चाहिँ भारततिरै बस्थे । २०४० सालमा मात्र उनी काठमाडौं फर्किए । काठमाडौंमा विभिन्न ठाउँहरूमा डेरा गरेर उनी केही वर्ष बसे । पछि छोराहरूले भक्तपुरको गट्ठाघरमा घर बनाएपछि उनी छोराहरुको घरमा गएर बस्न थाले । त्यहाँ बसेर बुढ्यौलीमा पनि उनी कविताहरू लेखिरहन्थे ।

*युद्धप्रसादले लेखेका पुस्तकहरू यी हुन् - कवितासङ्ग्रह -* १. **चरा**, २. **बाढी**, ३. **युद्ध प्रसाद मिश्रका कविताहरू खण्डकाव्य- ४.मुक्तिरामायण अरण्यकाण्ड, ५. मुक्त सुदामा कथासङ्ग्रह-६. अमर कथा सम्पादन -७. मुक्तिमोर्चा**

यी बाहेक अन्य थुप्रै पत्रपत्रिकाहरूमा उनले लेखेका कथा, कविता र निबन्धहरू प्रकाशित भएका छन् ती सबै खोजेर सङ्ग्रह गर्ने हो भने अरु पनि पुस्तकहरू निकाल्न सकिन्छ ।

उनलाई एउटा महाकाव्य लेख्ने ठूलो धोको थियो । तर समय नमिले-काले महाकाव्य लेख्ने उनको इच्छा पूरा हुन सकेन । उनले बालकविताहरू पनि लेखे । ती बालकविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित पनि भएका थिए । तर उनका बालकविताहरूको छुटै पुस्तकचाहिँ निकालिएको छैन । उनको एउटा बालकविता यस्तो छ -

*उठ्छु, पढ्छु, कपडा फेर्छु, सफासुग्घर भई ऐना हेर्छु*
*टिफिनसाथको झोला भिर्छु, स्कुल जान्छु टमटमटम*
*थोरै खेल्छु, धेरै पढ्छु, पाठ नबिर्सी अघिअघि बढ्छु, नभई छाड्दिनँ म पनि फस्ट*
*कोभन्दा को छ र कम, स्कुल जान्छु टमटमटम ।*

आफूलाई भेट्न आउने मान्छेहरूसँग उनी साहित्यको कुरा गर्थे । साहित्यले राम्रो काम गर्न सिकाउनुपर्छ भन्ने गर्थे । नराम्रा कामको विरोध गर्नुपर्छ र राम्रा कामको प्रशंसा गर्नुपर्छ, भन्ने विचार थियो ।

काठमाडौं मा २०४१ सालमा भदौ २३ गते उनको अभिनन्दन गरियो । २०४२ सालको जेठमा उनको नाउँमा साहित्यिक पत्रिकाको विशेषाङ्क निकालियो । पछि उनी बिरामी परे र वीर अस्पतालमा भर्ना भए । उनी अस्पतालमा भएकै बेला 'कृष्णमणि साहित्य पुरस्कार' उनलाई दिने घोषणा गरियो । उनले बिरामी अवस्थामा नै त्यो पुरस्कार लिए । बीर अस्पतालमा उपचार गराउँदा गराउँदै २०४७ साल फागुन ६ गते बिहान उनको मृत्यु भयो । त्यस बेला उनी ८४ वर्षका थिए ।

उनको मृत्युपछि जन्मस्थान सुम्लिङटारमा उनको सालिक राखिएको छ । उनको सम्झनामा 'युद्धप्रसादमिश्र पुरस्कार तथा प्रकाशन गुठी' भन्ने साहित्यिक संस्था खोलिएको छ । त्यस संस्थाले युद्ध नाउँको साहित्यिक पत्रिका निकाल्ने गरेको छ । उनका फुटकर रचनाहरू पनि खोजिँदै छन् । युद्धप्रसाद मिश्रका कविता भन्ने कवितासङ्ग्रह उनको मृत्युपछि त्यही संस्थाबाट निकालिएको हो ।

युद्धप्रसादका कविताहरू गरिब मान्छेलाई मन पर्ने र काम लाग्ने किसिमका छन् । त्यसैले उनलाई गरिब जनताका कवि पनि भन्ने गरिन्छ । उनी मरेर गए पनि उनका कविताहरू हामीसँगै छन् तिनै कविताहरूमा उनका विचारहरू हामी पढ्न पाइरहन्छौँ । उनी हाम्रो देशका असल छोरा हुन् ।

## बाल कविता

### काका कौवा

– कृष्णप्रसाद पराजुली

काका कौवा
काका कौवा
घुमी-घुमी फेरि
छानामाथि लौ आ

काका कौवा,
काका कौवा ।

फोहोर- मैलो
चुच्चाले फाली
'काका, काका'
भाका हाली
घुम्दै आयो
पाटी- पौवा ।

काका कौवा,
काका कौवा ।

घाँटी तान्दै
चारा टिप्यो
थपडी मार्दा
पर-पर कुद्यो
उड्दै पुग्यो कि
पर रानीपौवा ?

काका कौवा,
काका कौवा ।



## जीव-जन्तु

### कोंडोर



शिकारी पन्छीहरूमा सबभन्दा ठूलो इन्डियन कोंडोर हो । वयस्क भाले कोंडोरको औसत वजन नौ किलोग्रामदेखि एघार किलोग्रामसम्म हुने गर्दछ । यिनीहरूको पखेटाको फैलावट दश फिटसम्म हुने गर्छ । यसको टाउकोमा रातो रंगको कल्की हुने गर्दछ । गर्धनको तल्लो भाग सेतो तथा बाँकी भाग कालो र चमकदार हुने गर्दछ । यिनीहरूको आफ्नो विशेष बोली हुँदैन ।

दक्षिण अमेरिकाको ऐण्डिज पर्वतमा पाइने यो चरा गिद्ध परिवारको एक सदस्य भए पनि गिद्धभन्दा केही फरक हुन्छ । यसको नाकको बीचमा कुनै विभाजन हुँदैन । यसको दृष्टि निकै तेज हुन्छ । यसले निकै उचाईबाट पनि शिकारलाई स्पष्ट रुपले देख्न सक्छ । यो निकै नै उचाईमा उड्ने गर्दछ र माथिबाट एक्कासि आएर आफ्नो शिकारलाई टिपी उडिहाल्छ । यो वास्तवमा भयंकर पन्छी हो । भेडाको बथानहरूसमेत यो देखि डराउने गर्दछन् ।

यसको शिकार गर्ने तरिका पनि अचम्मको छ । निकै उचाईबाट हवाइजहाजझैं एक्कासि तीव्र गतिमा ओर्लेर जमिनमा नटेकीकनै आफ्नो पञ्जाले शिकारलाई समातेर तुरुन्त माथि उड्दै जान्छ । यसको गुँड अग्लो चट्टानमा खाल्टोजस्तै स्थानमा हुने गर्दछ । यसै स्थानमा पोथी कोंडोरले अण्डा पार्छे । बच्चाहरू एक वर्षका भएपछि मात्र उड्ने अवस्थामा पुग्छन् ।

*- सुनिल उपाध्याय*

## सुन चोर पक्राउ

खाँदबारी । साथीको सुनचोरेर फरार बनेका संखुवासभाको मकालु गाविस ६ का १८ वर्षीय शंकर चौलागाईलाई सदरमुकाम खाँदबारीबाट प्रहरीले पक्राउ गरेको छ । सँगै कोठामा बसने साथी मामिलङगाविस ४ का १८ वर्षीय मनिराज खाम्याहाङको सुन चोरेर उनी तीन दिनदेखि फरार रहेको प्रहरी नायब उपरीक्षक शेखर कोइरालाले बताए । चैनपुरस्थित एक कोठामा बस्दै आएका शंकरले मनिराजको आधा तोला सुन चोरेर फरार भएकाले उनलाई सदरमुकाम खाँदबारीबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## गुफापोखरीमा वृक्षारोपण

खाँदबारी । स्थानीय आमा समूहको अगुवाइमा संखुवासभा जिल्लाको पर्यटकीयस्थल नुनढाकी ९ गुफापोखरी बजार क्षेत्रमा बिहीबार वृक्षरोपण गरिएको छ । स्वावलम्बन आमा समूहको अगुवाइमा स्थानीयवासीले गुफापोखरी तथा चुचुरे खानेपानीको मुहान क्षेत्रमा वृक्षरोपण गरेका समूहकी अध्यक्ष हिमा खनालले जानकारी दिइन् । अध्यक्ष खनालका अनुसार समूहले सल्ला, गुँरासलगायत प्रजातिका २५ सय बिरुवा गरोपेको छ ।

## संयुक्त तालिम सम्पन्न

पूर्वाञ्चल संवाददाता/ क्युपेक नेपाल र धरान नगरपालिकाको सयुक्त आयोजनामा ३ दिने भूकम्प प्रतिरोधात्मक तालिम धरानमा सम्पन्न भएको छ । धरान नगरपालिकाको लर्निङ्ग सेन्टरमा आइतवार श्रावण १९ गते देखी सुरु भएको तालिम आइतवार एक कार्यक्रम बीच समापन गरिएको थियो । ५४ जना प्रशिक्षार्थी रहेको तालिममा नगरपालिकाका इन्जिनियर सुरज श्रेष्ठ,राजु पोखेल प्रशिक्षक रहेका थिए । प्रमुख अतिथि धरान नगरपालिकाका कार्यकारी अधिकृत राजेन्द्र कुमार पौडेल तालिममा सहभागि प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गरेका थिए ।

# k~ralnM#

## बाल-उपन्यास



– गंगा पौडेल –

**(गंगा पौडेल नेपाली साहित्यमा सबैले चिनेको नाम हो । उहाँले बाल साहित्यमा बालबालिकाका लागि पनि नयाँ नयाँ कोशेली दिनुभएको छ । यो नयाँ विषयमा उहाँले लेख्नुभएको 'पञ्चवली' बाल उपन्यास नयाँ खबरकागजले धारावाहिकरुपमा प्रस्तुत गरेको छ- सं.)**

शान्तिलाई थाहा थियो– हाँस शीतलदिदीको पेवा हो । तैपनि, उनले हाँसलाई कहिल्यै आफ्नो पेवा कुखुरालार्य भन्दा कम माया गरिनन् । शान्तिका लागि सबै बराबर थिए । बिहान सबेरै उठेर खोरको ढोका खोलिदिने, हाँस-कुखुरालाई दानापानी दिने र हाँसलाई खोलासम्म पुऱ्याउने तिनको दैनिकी थियो । माउकुखुरी पनि हाँसका चल्लालाई औधि माया गर्थी, कुन हाँसका चल्ला, कुन आफ्ना चल्ला, केही फरक देख्दिनथी, सबै चल्लालाई आफ्नै मानेकी थिई । ठूलो हुँदै गएका चल्लाहरू पनि आपसमा कहिल्यै झगडा गर्दैनथे। मिलेरै, खेल्ने बस्ने गर्थे । अब हाँसका चल्लाहरू खोलामा जान थालेपछि माउकुखुरी तिनीहरूलाई पुऱ्याउन अरु चल्लाहरू सहित क्व क्व क्व गर्दै खोला छेउसम्म पुग्थी । पानी भित्र पसेर हाँसका चल्लाहरू खेल्न थालेपछि बल्ल ऊ फर्कन्थी । तिनीहरूबीचको बिछट्टै माया देखेर शान्ति अति नै हर्षित हुन्थिन् ।

शान्तिले सबै चल्लाहरूको यौटा-यौटा नाम राखिदिएकी थिइन् । कुनैको चिन्तु, कुनैको छिर्के, कुनैको करबरे । छिर्के हाँसको भालेचल्लाको नाम थियो भने करबरे कुखुराको भालेचल्लाको नाम थियो । छिर्के र करबरे आफ्ना ग्रुपको दादा थिए । छिर्केले खोलामा खेल्न आएका छिमेकीका अरु हाँसहरूलाई नजिक पर्नै दिँदैनथ्यो । घरदेखि खोला जाँदा, खोलाबाट घर फर्कदा बाटोमा बनबिरालो, स्याल देख्यो भने ठूलो-ठूलो स्वरले टयाँ टयाँ टयाँ गर्दै परसम्म सुनिनेगरी कराउँथ्यो । अनि शत्रुलाई पखेटा फिँजाएर ठुङ उज्याउँदै झम्टन्थ्यो । त्यस्तै, करबरे भाले पनि अरु कुखुरा भन्दा ठूलो, अग्लो, रातो सिउर भएको, बलियो थियो । करबरे बिहान सबेरै कुखुरी काँ गर्दै सबैलाई उठाउँथ्यो । गाउँका अरु कुखुराका भालेसँग जुद्धा पनि हराएरै मात्र छाड्थ्यो । शान्तिले दाना खान दिने



बेलामा तिनको हातबाट करबरे उफ्रँदै खोसेर खाइदिन्थ्यो । आफुले स्याहार गरेका हाँस-कुखुराहरू सर्लक्कै हुर्केको देखेर शान्ति निकै दङ्ग थिइन् ।

शान्ति छिटी-छरिती, पोखली, पढाइमा सधैं प्रथम हुने भएकीले सबैकी प्यारी थिइन् । गाउँमा तिनलाई सबैले 'स्यानी' भनेर बोलाउने गर्थे । तिनी नाच्न-गाउन पनि निकै सिपालु थिइन् । गाउँलेहरू आफ्ना छोराछोरीलाई उदाहरण दिनुपर्दा 'रामसाहूका छोरीहरू जस्तो मेहनती, अनुशासनमा हुर्केका अझ ती स्यानी त झन् पाइनसक्नुकी छिन्, त्यस्तो सन्तान' पो सन्तान भन्थे । त्यस्तैमा एकदिन चौपारीमा जम्मा भएका गाउँलेहरूबीच गफगाफ चल्दै थियो । सबैले रामसाहूका छोरीहरूको शील-स्वभावको प्रशंसा गरे । रामसाहूको छाती गर्वले फुल्यो । त्यसैबेला डाँडाघरे साइँलाले भने, जति गतिला भए पनि आखिर छोरीमान्छे हुन्, बिहे गरेर एकदिन अर्काका घर गइहाल्छन्, छोरो भए पो आँगन कुर्थ्यो ! डाँडाघरे साइलाका शब्दहरूले शान्तिका बुबाको शान्त हृदयको तलाउमा कैयन् ढुङ्गाहरू वर्षायो । उहाँ सोच्न थाल्नुभयो - 'दुईवटी छोरीपछि छोरो जन्मेला भन्ने ठूलो आश थियो, तेस्रो सन्तान पनि छोरी नै जन्मी, त्यसपछि चौथो त पक्कै छोरो होला भनेर पर्खेको पनि दस वर्ष भइसक्यो । अर्को जन्मने सुरसारै छैन ।

त्यस दिनदेखि शान्तिका बुबाको मनमा खिन्नता बढ्न थाल्यो । कम बोल्ने, धेरै सोच्ने गर्न थाल्नुभयो । यस्तो देखेर शान्तिकी आमाले एकदिन सोध्नुभयो, 'शान्तिका बुबा ! अचेल तपाई पहिलेजस्तो बोल्न पनि हुन्न, अलि गम्भीर देखिनु हुन्छ, किन ? सन्चो भएन कि ? अथवा अन्य केही पीर पऱ्यो ?' शान्तिका बुबाले अस्ति चौपारीमा डाँडाघरे साइँलाले भनेका कुरा दोहोऱ्याएर सुनाउनुभयो । शान्तिकी आमाले पनि यस विषयमा त्यसअघि नै सोच्न थालिसक्नुभएको रहेछ । उहाँले घरमा कसैलाई थाहा नदिई भित्र भित्रै ज्यातिष देखाउने, धामीझाँक्री लाउने, तिनीहरूको सल्लाहबमोजिम औषधि खान, बुटी बाँध्न थालिसक्नुभएको रहेछ ।

*(क्रमशः)*

## बाल कविता

### मेरो गाउँ



काभ्रे हो मेरो गाउँ
जन्मिएको हुर्किएको ठाउँ ।

पहाडको मुनि छ मेरो सानो गाउँ
घुम्न मन लाग्छ मलाई त्यो प्यारो ठाउँ ।

त्यो गाउँ भन्न बित्तिकै सबै भन्छन् घुम्न जाऔं
त्यो गाउँको चित्र सबैलाई देखाऔं ।

***शर्मिला घिमिरे***
***कक्षा : ६,***
***माउन्ट भ्यू स्कूल, मित्रपार्क***
***चावहिल,***

### पृथ्वी

जन्मभूमि सबैको
यो गालो पृथ्वी
हामी यिनलाई माता भन्छौ.
छिन् सबैभन्दा माथि ।

गर्छु प्रणाम म पृथ्वीमा
दुई हात जोडी
मान्छे सबैलाई सुख शान्ति
होस् भनी कामना गरी ।

तर मान्छेले बिगार्दैछन्
यो पृथ्वीलाई
रुँदै जननी भन्छिन्
नमार मलाई नमार मलाई ।

म भन्छु हे माता
हजुरलाई बिन्ती गर्छु
मान्छेको सबै नराम्रो काम
म राम्रो गर भन्छु ।

***- सागर सापकोटा***
**पुष्पसदन, उ.मा.वि.कीर्तिपुर**
***कक्षा : ७***

## चुटकिला

*एकदिन एउटा मान्छे ठूलो होटेलमा गएछ । उसले बेटरलाई बोलायो । बेटरले सोध्यो- 'तपाईंलाई के ल्याउ ।' त्यस मानिसले झर्किँदै भनेछ- 'तिम्रो होटलमा तातो तातो के छ, ल्याऊ ।' 'बेटरलाई रिस उठेछ र भान्छामा गएर बलिरहेको कोइला प्लेटमा राखेर ल्याइदिएछ र टेबलमा राखिदिएछ । त्यो मान्छेले पनि आफ्नो खल्तीबाट चुरोट निकालेर सल्काएर त्यस होटेलबाट हिँडेछ, बेटर छक्क परेछ ।*

***- राज संगत, कक्षा ७***
***माउण्ट भ्यू स्कुल भित्रपार्क, चावहिल***

## मेरो सिर्जना




**कपिल सापकोटा, कक्षा : ६**
**महन सिद्धर्थ बो.स्कूल कुमारीगाल**

# सरकार गठनमा मधेशवादी दलको भूमिका

● श्रीमन नारायण

राष्ट्रिय सहमतिका आधारमा सरकार गठन गर्ने प्रयास असफल भइरहेको छ। दुई तिहाईको समर्थन जुटाएर सरकारको नेतृत्व लिने सपना बोकेका एमालेका अध्यक्ष झलनाथ खनाल पनि सफल हुन सकेनन्। सामान्य बहुमत प्राप्त गरेर सरकार बनाउने प्रयासमा नेपाली काँग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेल र एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रयासरत छन्। दोश्रो चरणमा पनि यी नेताद्वयले आवश्यक बहुमत जुटाउन सकेनन्। ७ गते चुनावमा सम्भवतः एमाले नेपाली काँग्रेसलाई समर्थन गर्न सक्छ। आफ्नै नेतृत्वको बहुमतको सरकारलाई पार्टीभित्रको अन्तरकलहका कारण गुमाउन पुगेको एमाले पार्टी नैतिक रूपले पनि नेतृत्वको चाहना राख्नु उचित होइन। उसको पार्टीले नै दुईतिहाई बहुमतको नेतृत्वको सरकार बनाउने उद्देश्य मात्रै राखेको कारण उसले आफ्ना लागि प्राप्त अवसर गुमाइसकेको छ। अब सरकार गठनमा अहम् भूमिका मधेशवादी दलको हुने निश्चित छ।

मधेशलाई नै आधार मानेर आफ्नो राजनीतिक संगठनलाई विस्तार र प्रचार-प्रसार गर्ने र मधेशकै मुद्दामा केन्द्रित दललाई मधेशवादी दल मान्न सकिन्छ। कुनै राजनीतिक संगठनले आफ्नो पार्टीभित्र वर्गीय संगठनको रूपमा खोलेका कुनै मधेशी मोर्चा वा संगठनलाई मधेशवादी दल न त भन्न सकिन्छ न त मान्न सकिन्छ। नेपालको अहिलेको संविधानसभामा मधेशवादी दलको रूपमा फोरम (लोकतान्त्रिक) र फोरम, तमलोपा, सद्भावना र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) चर्चित हुन्। यीमध्ये फोरम दुवै (२८+२५) तमलोपा २० र सद्भावना पार्टी ९ गरी ८३ जना सभासद् ४ पार्टीको एउटा छुट्टै मोर्चा छ। नेसपा (आनन्दीदेवी) को ३ सभासद्मध्ये श्यमसुन्दर गुप्ता लोकतान्त्रिक मोर्चामा नेपाली काँग्रेसको नजिक हुन् भने अन्य दुईजनाको निर्णय स्पष्ट छैन।

सरकार गठनमा ८३ को संख्या निर्णायक र महत्वपूर्ण हुने निश्चित छ। मधेशी मोर्चामा आबद्ध चारवटै राजनीतिक दलले आफ्नो मुद्दालाई सम्बोधन गर्ने राजनीतिक दललाई मात्रै समर्थन गर्ने जनाएका छन्। सरकार गठनपूर्व मधेशवादी दलले मधेशका मुद्दा उछाल्ने गर्छन्। सरकार गठनका बेला सम्बोधन नि हुने गर्छ तर सरकार गठन भइसकेपछि मधेशका मुद्दा समाधान गराउने चिन्ता र फुर्सत कुनै पनि मधेशवादी दललाइ हुँदैन। मधेशका मुद्दाभन्दा प्रधानमन्त्री र सरकारको सुरक्षाकवच बन्न बढी तयार रहन्छन्। मधेशवादी दलका नेताहरू। संविधानसभा निर्वाचनपश्चात्का दुई वर्षमा न त संविधानसभामा न त सरकारमै मधेशवादी दलको भूमिका सन्तोषजनक देखियो। शिक्षा, कृषि, परराष्ट्र, भौतिक योजना, नागरिक आपूर्ति, युवा एवम् खेलकुदजस्ता महत्वपूर्ण मन्त्रालय सम्हाल्ने अवसर पनि पाए ममधेशवादी दलका नेताहरूले, तर मधेशको शिक्षा, संस्कृति, खेलकुद, कृषि आदि क्षेत्रमा कुनै प्रगति हुन सकेन। मधेशवादी र गैरमधेशवादी सरकारमा हुनु र नहुनुमा कुनै तात्विक अन्तर देखिएन। यसपालि पनि मधेशको मुद्दा केवल सत्तामा जाने र गतिलो मन्त्रालय पाउनका लागि मात्रै उचालिएको हो भन्ने सबैको अनुमान छ। माओवादी र काँग्रेसको नेतृत्वमा पनि यी नेताहरूले काम गरिसकेका छन्। कसैसँग पानी बराबरको अवस्था छैन।

जहाँसम्म मधेश प्रदेशको सवाल छ त्यो पनि एउटा बहाना मात्रै हो। ०६४ सालको मधेश आन्दोलनताकामै आन्दोलनकारी दलहरूले यसलाई नयाँ संविधानले गर्ने विषयको रूपमा ल्याप्चे लगाइसकेका छन्। तर, संविधानसभामा यस विषयमा चर्को आवाज उठाउन सकेनन्। मधेश प्रदेशको संरचनाकै सम्बन्धमा मधेशी मोर्चा एकजुट देखिएका छैनन्। जबसम्म मधेशवादी दलहरू नै मधेश प्रदेशको भौगोलिक संरचना, अधिकार, प्राकृतिक श्रोत एवम् साधनको विभाजन, केन्द्र-राज्य सम्बन्ध, जनश्रोतमाथिको अधिकार, वनजंगलको अवस्था, आरक्षणलगायतका विषयमा साझा धारणा बनाउँदैनन्, थारू र मुसलमानमात्रै होइन नेपालीभाषि तराईभाषीको समस्यालाई बुझ्ने प्रयास गर्दैनन् तबसम्म मधेश प्रदेश कसरी सम्भव हुन सक्छ ? मधेशी हकहित र अधिकारको वकालत गर्ने दलहरूप्रति मधेशी जनताको विश्वास र समर्थन छ तर यसलाई सत्ताका लागि मात्रै प्रयोग गर्नु हुँदैन। भारतसँगको अन्योन्याश्रित सम्बन्ध छ। त्यसकारण दक्षिणी छिमेकीसँग राम्रो सम्बन्ध राख्ने दललाई समर्थन गर्न उनीहरू मन पराउँछन्। माओवादीले केही हदसम्म विगतमा मधेशीको स्वाभिमानलाई उठाउने काम गरेको थियो। तर, विगत दुई वर्षदेखि माओवादीको नीतिमा अचानक परिवर्तन आएको छ र मधेशी, दलित एवम् जनजातिलाई हेर्ने उसको दृष्टिकोणमा पनि भिन्नता आएको छ। संघीयताको सवालमा र अन्य विषयमा पनि एमाले र काँग्रेसभन्दा माओवादी पनि पृथक छैन भन्ने धारणा विकसित भइसकेको छ। तसर्थ, माओवादीको तुलनामा काँग्रेस नेतृत्वको अथवा अन्य कुनै लोकतन्त्रवादी नेतृत्वको गठबन्धन सरकारलाई मधेशवादी दलको समर्थन भए आश्चर्य मान्नुपर्ने कारण हुने छैन। **(मधेश दर्पण फिचर सेवा)**

## यो साताको कविता

### दार्जिलिङ

**– अनिता लामा (दार्जिलिङ, भारत)**

पहाडकी रानी सुन्दरताकी खानी
दार्जिलिङ तिम्रो
प्राकृतिक सौन्दर्यले
विश्व नै लालायित बनेको छ।
चाँप, लाली-गुराँस र थरी-थरीका
पहाडी फूलहर ढकमक्क
मनै लोभ्याउने गरी फुलेको बेला
दार्जिलिङ !
तिमीलाई धरतीको स्वर्ग भने हुन्छ
हिउँदको कठ्याग्रिने जाडोमा
हिउँले सेताम्मे छोपेर पनि
फेरि अघिजस्तै हरियो
देखिने धुपी र सल्लाका
चिरहरित पौदाहरूमा
तिम्रो अस्तित्व लुकेको छ
वर्षाको अविरल झरीले
हरिया भई पलाएका
चियाका मुनाहरूले
तिम्रो इतिहास सिर्जेको छ
महाकाल बाबाको काखमा
अवस्थित दार्जिलिङ साँच्चै
तिम्रो प्राकृतिक सौन्दर्यले
गर्दा नै तिमी पहाडकी
रानी बनेकी छौ।

# अनमिन नाकाम, फिर्तीको आम प्रस्ताव

काठमाडौं। नेपालमा विगत दुई अढाइवर्षदेखि निरन्तर रहेको र पटक पटक म्याद थप गरी कायम भएको संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) सर्वथा नाकाम भएको छ। शान्ति प्रक्रिया तथा नवनेपालको निर्माण प्रक्रियामा सघाउ पुऱ्याउने भनेर आएको अनमिन सर्वथा विफल रहेको छ। त्यसैले अनमिनप्रति आम नेपालीमा रोष पैदा भएको छ।

नेपाली सेनाले नेपालका लागि संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) को म्याद नथप्न र उसलाई फिर्ता पठाउन सरकारलाई आग्रह गरेको छ। शान्ति प्रक्रियामा अनमिनको भूमिकाबारे सत्तारुढ दलबाट आलोचना भइरहेका बेला प्रधानसेनापति छत्रमानसिह गुरुङले शान्तिमन्त्री रकम चेम्जोङलाई भेटी यस्तो आग्रह गरेका हुन्।

माओवादी सेनाका लडाकूको रेखदेख, समायोजन र पुनःस्थापनासम्बन्धी विशेष समितिको पदेन सदस्यसमेत रहेकाले सेनापतिले मन्त्री चम्जोङलाई भेटी सेनाको धारणाबारे जानकारी गराएका छन्। अनमिनको म्याद भदौ ३० मा सकिदैछ। ‘सेनापतिले विस्तृत शान्ति सम्झौताको प्रावधानअनुरुप मुलुकमा पक्षको अवधारणा समाप्त भइसकेकोले वैकल्पिक वयवस्था गरी अनमिनलाई फिर्ता पठाउनुपर्ने धारणा राख्नुभयो। साथै शान्ति प्रक्रियाका बाँकी काम विशेष समिति मातहत सचिवालय गठन गरी त्यसैमार्फत् गर्न सकिन बताउनुभयो।’ सेनापतिसंग यस अघि अनमिनको म्याद थपका बेला आफूलाई अनुगमनबाट अलग राख्न आग्रह गर्दै आएको सेनाले यसपटक भने अनमिनलाई फिर्ता पठाउन सरकारलाई आग्रह गरेको हो। मन्त्री चेम्जोङसँगको करिब आधा घन्टा लामो भेटवार्तामा सेनापति गुरुङले शान्ति सम्झौताको दफा १०(५) अनुसार दुई पक्षको अवधारणा समाप्त गरेकाले अनमिनको पनि औचित्य नभएको जिकिर गरेका थिए। सरकार र माओवादीबीच भएको शान्ति-सम्झौताको दफा १० (५) मा ‘अन्तरिम व्यवस्थापिका संसद्को गठन भएपछि यस सम्भौतामा उल्लेखित दुई पक्षको अवधारणा तथा स्थिति स्वतः समाप्त हुनेछ। यसपछि यस सम्झौतामा उल्लेखित सम्पूर्ण अभिभारा कार्यान्वयन गर्ने/गराउने दायित्व अन्तरिम मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुनेछ,’ भन्ने उल्लेख छ। सेनापति गुरुङले माओवादी पटकपटक सरकारमा सहभागी भइसकेको, एकपटक सरकारको नेतृत्व गरिसकेको र अहिले पनि राज्यकै एक महत्वपूर्ण निकाय संविधानसभामा रहेकाले शान्ति सम्झौताका बेलाझैं उसलाई अर्को पक्ष मानिरहनु उचित नभएको धारणा राखेका थिए। सम्झौतामा माओवादी लडाकुको सम्भावित समायोजन र पुनःस्थापना ६ महिनाभित्रै सक्ने भनी सेनालाई सीमित अनुगमनमा राखिएको तर चार वर्ष पुग्न लाग्दासमेत अनुगमनमा रहनु परेबाट सेना प्रभावित भएको उनले बताएको थिए। अनमिन प्रमुख करिन लनग्रेनले पनि प्रमुख तीन राजनीतिक दलका नेतासँग मिसनको म्याद थप्ने/नथप्नेबारे छिटो निर्णय दिन आग्रह गरेकी छन्। पछिल्लो पटकको म्याद थपसँगै सुरक्षा परिषद्ले बहिर्गमनको वातावरण बनाउन दिएको कार्यभारअनुरुप अनमिनले माओवादीका वर्षमान पुन र जनार्दन शर्मा वा कृष्णबहादुर महरा, कांग्रेसका रामशरण महत र कृष्णप्रसाद सिटौला, एमालेबाट ईश्वर पोखरेल र प्रदीप ज्ञवाली वा भीम रावलसँग नियमित परामर्श गर्दै आएको छ। ‘अनमिनको म्याद २३ दिनमात्रै बाँकी छ। त्यसैले म्याद थप्ने कि नथप्नेबारे अर्को पक्षको समेत सहमतिमा सरकारले छिटो निर्णय लिई सुरक्षा परिषद्लाई आग्रह गर्नुपर्छ,’ लनग्रेनले भनिन्।

## वाल प्रतिभा

# अतिथिको ‘अतिथि’ एल्बम



शास्त्रीय लयमा सानी नानी गाइरहेकी थिइन्। बालाजुस्थित चलचित्र विकास कम्पनीको स्टुडियोमा बुधबार दिनभर उनलाई पछ्याउँदै भिडियो क्यामेरा चलिरहेको थियो। दूधे दाँत पनि राम्रो गरी नआइसकेको उनको आवाज सुनेर उपस्थितहरू उनीतिर अनौठो पारामा हेरिरहेका थिए।

तोतेबोली बोल्ने उमेरमा सुर र तालमा गाउने उनी थिइन् अतिथि केसी र त्यहाँ भइरहेको थियो उनैले गाएको गीतको भिडियो छायांकन। रंग पत्रकार डब्बु क्षेत्रीले निर्देशन गर्न लागेको यो सांगीतिक भिडियो अतिथिकै एल्बम ‘अतिथि’ मा देखाइनेछ। तीन वर्षको उमेरमा एल्बम भरिने गरी गीत गाइसकेकी अतिथि सम्भवतः संसारकै कान्छी गायिका हुन् जसको नाम गिनिज बुकमा लेखाउने तयारी भइरहेको उनका गायक बाबु उद्धवले बताए। संसारका अनौठा तथ्यको संग्रहले भरिएको पुस्तक गिनिजमा अतिथिको नाम लेखाउने प्रक्रिया उनी पूरा गर्दैछन्।

गिनिजले अहिलेसम्म रुमानियाकी ४ वर्षीया बालिकालाई सबभन्दा कम उमेरमा गीत गाउने श्रेय दिएको छ। अतिथि तीन वर्ष मात्रै भएकी र सबै गीत ताल सुरमै गाउनसक्ने भएकाले त्यो श्रेय अब नेपालमा सर्ने उद्धवले ठानेका छन्।

गिनिज बुकमा नाम दर्ता गराउन सार्वजनिक ठाउँमा गाएको भिडियो रेकर्ड, त्यो खिच्नेहरूको दस्तखत, त्यो हेर्ने सार्वजनिक व्यक्तित्वहरूको सिफारिशसहितको प्रतिक्रिया र अरु यस्तै प्रामाणिक कागजपत्र चाहिन्छन्। ‘त्यो हामीले तयार पारिसकेका छौं’ उद्धवले भने। नेपाल बारका अध्यक्ष प्रेमबहादुर खड्कादेखि साहित्यकार तथा एमाले नेता मोदनाथ प्रश्रितसम्मले अतिथिले गाएको स्टुडियोमै गएर हेरिवरि प्रतिक्रिया दिएका छन्, ‘अभूतपूर्व प्रतिभा।’ दुई वर्षको उमेरदेखि नै गाउन थालेकी अतिथि एलकेजीमा पढ्छिन्।

नयाँ खबरकागज साप्ताहिक



# दलहरू सहमति कायम गर

सञ्जीव वाग्ले

काठमाडौं । देशको पछिल्लो संक्रमणकालिन र राजनीतिक अन्यौलता र दलहरूको आ-आफ्नै अडानका कारण पटक-पटकको प्रधानमन्त्रीको निर्वाचनबाट पनि नयाँ सरकार गठन हुन सकेको छैन ।

सरकार गठन हुँन नसक्दा, संविधान लेखन र शान्ति प्रक्रियाका कामहरू प्राय: ठप्प छन् । नयाँ आर्थिक वर्षको बजेट समेत आउन नसक्दा आर्थिक क्षेत्र समेत प्रभावित छ । देशका प्रमुख जिम्मेवार भनिएका राजनीतिक दलहरू आ-आफ्नै दलिय हठ र आन्तरिक संधर्षमा व्यस्त छन् । यस संक्रमण कालिन विषम परिस्थितिमा कुनै राजनीतिक दल भित्र विभाजनका रेखा कोरिनु र दलहरूमा आपसी अविश्वास सृजना हुनु चिन्ताको विषय हो ।

देशको अहिलेको राजनीति जटिल मोडमा छ । २०६२/०६३ आन्दोलनले थालनी गरेको राजनीतिक प्रक्रिया अवरुद्ध छ । देशको सविभौमिकता र राष्ट्रिय अखण्डता माथि खतरा उत्पन्न हुने जोखिम बढीरहेको छ । तर, यस प्रति देशका राजनीतिक नेतृत्व संवेदनशिल भएको देखिदैन । दलका नेताहरूको व्यवहार यी समस्याको उचित र स्थायी समाधान खोज्ने भन्दा ठिक विपरित दिशामा गइरहेको अनुभूत आम नागरिकले गरिरहेका छन् । वर्तमान समस्याको निकाश एवं समाधान खोज्न को कति जिम्मेवार हुने भन्नुभन्दा नेपाल र आम नेपालीको भविष्यसँग जोडिएका तमाम प्रश्नहरूले यतिवेला देशको वर्तमान नेतृत्वबाट समाधान पाउन सक्छन वा सक्दैनन् ? सोच्नुपर्ने बेला आएको छ ।

वर्तमान राष्ट्रिय राजनीतिमा प्रभावशाली स्थान ओगटेका नेतृत्व वर्गले आफ्नो राजनीतिक निकाशका लागि आफ्नो आलोचना र सम्मानको हिसाव किताव नगरी केही कठोर र ऐतिहासिक निर्णय लिनु आवश्क छ ।

देशलाई सम्भावित दुर्घटनाबाट बाहिर निकाल्नु अहिले सबै दलको प्रमुख जिम्मेवारी हो । यसका लागि एकातर्फ ओझेलमा पर्दै गएको शान्ति प्रक्रियालाई निस्कर्षमा पुऱ्याउन र थप गरिएको समयमै संविधान लेखनकार्य पूरा गरी लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सबै दलबीच आम सहमतिको आधारमा साझा नीति निर्माण गरी सके राष्ट्रिय संयुक्त सरकार गठन, नसके दुईतिहाई बहुमतको सरकार तत्काल निर्माण गर्नु आवश्यक छ । यो राष्ट्रिय लक्ष्य पूरा गर्न दलहरूले सत्ता केन्द्रित टकराब र षड्यन्त्र मुलक राजनीतिको अन्त्य गरी एक साथ अघि बढ्नुको विकल्प छैन । अन्यथा, मुलक अकल्पनिय संकटको भुमरीमा धकेलिने निश्चित छ । यस तर्फ बेलैमा सबैको ध्यान जानु आवश्यक छ ।

# धरान भूकम्पको खतराबाट मुक्त

धरान । भूकम्पको खतराबाट धरान मुक्त रहेको तथ्याङ्क फेला परेको छ । सन् २ हजारमा साठ्ठी प्रतिशत घरहरू जोखिममा रहेका थिए भने हाल आएर भूकम्प प्रतिरोधात्मक शक्ति भएका घरहरू प्रशस्त बन्ने गरेको छ । आ.व. २०६६/०६७ को तथ्याङ्कमा वर्षमा ४ सय देखी ५ सयको हाराहारीमा नक्सा पास भइ घर बनेको भएता पनि त्यसमा ४ सय घरहरू भूकम्प प्रतिरोधात्मक शक्ति भएको घरहरू बन्ने गरेको छ ।

आ. व. ०६० साल देखी नै लागू गरेको भएता पनि ठेकेदार र घर बनाउनेको मालिकको कमजोरीले गर्दा भूकम्प प्रतिरोधी घरहरू बन्न नसकेको तर हालको अवस्थामा ठेकेदारहरूलाई भूकम्प प्रतिरोधात्मक तालिम र घरधनीहरूलाई सूचना प्रवाह गरेकोले यस्तो फरक आएको हो । पहिले १ सय ५० जना ठेकेदारलाई तालिम दिएको थियो हाल सम्म ५ सय ठेकदार, कामदारहरूलाई तालिम धरान नगरपालिकाले दिइसकेको नगरपालिकाका इन्जिनियर सुरज श्रेष्ठले जानकारी दिए । "हामीले ०६४ भदौं ५ गते देखी राष्ट्रिय भूकम्प प्रतिरोधले ल्याएको कार्यक्रम अनुसार ०६५ सम्म नक्सा सुधार गर्नमा व्यस्त थियौ भने, ०६५ देखी ०६६ सम्म फिल्डमा गएर सुचना दिने लगायत त्यसबाट कसरी सुरक्षित हुन सकिन्छ भन्ने खाल्का प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने, ०६६ चैत्र देखी यता यदी भूकम्प रहित घर नबनाएमा नक्सा पास रोकिने" जस्ता कामहरू गर्दै आएका छौं । आ.व. ०६६ देखी घर बनाउने व्याक्ति र ठेकेदार दुवै जनाको हस्ताक्षर लिएर दिने गरेका छौ जसले त्यो अनुरुपको घर तथा अन्य कुनै निर्माण प्रक्रियामा तत्कालै नक्सा पास गर्दैनौं त्यो भएकोले पनि अहिले भूकम्प प्रतिरोधी घरहरू बनाउन थालेका छन् । साथै प्रशिक्षण गरेका ठेकेदारहरूबाट मात्र घर बनाउन पाईने गरी ठेकेदार र कामदारलाई समेत लाईसेन्सको व्यावस्था रहेको, यदि ठेकेदारले सो मापदण्ड पूरा नगरेमा पाइएमा पहिलो पटक सूचना तथा नसिहत दिने, दोश्रो पटक ३ महिना सम्म सस्पेण्ड गरिने, तेश्रो पटक कालो सूचिमा राख्ने, तथा चौथो पटक धरान नगरपालिका भित्र काम गर्न नपाईने गरी उसको लाईसेन्स नै खारेजीको प्रावधान रहेको जानकारी दिए । ०६६ भदौ ५ गते देखी भूकम्प चेतना दिवस मनाउन थालेको दक्षिण एसियामा नेपाल ११ औं संवेदनशील राष्ट्र भएकोले कुनै पनि वेला यहा पनि भूकम्प जाने अवस्था रहेकोले थप जोखिम नवढाउनको लागि कुनै पनि निर्माणका प्रक्रियाहरूमा भूकम्प प्रतिरोधी शक्ति भएको घर बनाउन, विद्यमान जोखिमहरूलाई घटाउनको लागि भूकम्पिय सुदृढिकरण गर्ने जसमा अहिले विद्यामान रहेका पुराना घरहरू पहिलो प्राथमिकताका साथ राख्न गरेको पाइन्छ ।

## न फिर्ता...

कांग्रेस महामन्त्री कुलबहादुर गुरुङले सहमतिका लागि कांग्रेसले प्रधानमन्त्रीको उम्मेदवारी फिर्ता लिनुपर्ने बताएका छन् । राजधानीमा आयोजित एक कार्यक्रममा गुरुङले प्रधानमन्त्रीका उम्मेदवार रामचन्द्र पौडेलले उम्मेदवार फिर्ता लिनेबारे पार्टीमा यसअघि नै कुरा भएको बताउँदै सहमतिका लागि त्यसो गर्नुपर्ने बताएका हुन् । उम्मेदवारी फिर्ता लिएर कांग्रेसले प्रजातान्त्रिक संस्कार र मान्यता स्थापित गर्नुपर्नेमा उनको जोड थियो । तर कांग्रेस प्रवक्ता अर्नुननरसिंह केसीले महामन्त्री गुरुङको अभिव्यक्ति संस्थागत नरहेको बताएका छन् । 'शान्ति प्रक्रियाको कार्यान्वयन हुने सुनिश्चित आधार तय नभएसम्म शून्यतामा कांग्रेसले उम्मेदवारी फिर्ता लिँदैन,' उनले भने, 'जबसम्म मुद्दामा सहमति हुँदैन, तबसम्म हाम्रो उम्मेदवारी फिर्ता हुँदैन ।

## नेपाली...

भएको थियो । सांसदहरूले उनीहरूको तलब कम्तीमा ८० हजार भरातीय रुपैंयाँ पुऱ्याउनुपर्ने माग गरेका थिए । वरिष्ठ कर्मचारीहरूले पाउनेजति तलब सांसदहरूले मागेका थिए । सरकारी र गैरसरकारी संस्थामा भन्दा कम पाए पनि सांसदहरूले त्यो भन्दा बढी फाइदा लिने गरेको आलोचकहरूले बताएका छन् । सांसदहरूले नि:शुल्क हवाईयात्रा, एयर कन्डिसनयुक्त पहिलो श्रेणीको रेलयात्रा र नि:शुल्क आवास र अन्य थुप्रै फाइदा लिने गरेका छन् । तलब बढाउनु न्यायपूर्ण नभएको आलोचकहरूले बताए । के नेपालका छ सय एक जना सांसदलाई महिनाको लाख लाख रकम दिने क्षमता छ ? तर 'जनतामारा नेताहरूले जे गरे पनि हुन्छ- नेपाली जनताको आम वितृष्णा यही छ ।

## नेपाली कांग्रेसमा...

कुरा केही कांग्रेसी जनले नयाँ खबरकागजसँग सुटुक्क भनेका छन् । तर त्यो त्यस प्रकारको तेस्रो धारको अग्रणी वा नेतृत्व चरित्र को हो ? त्यो भने स्पष्ट छैन ।

## राजनीतिक...

पार्टीको प्रवासी संगठनको निमन्त्रणामा बेलायत, बेल्जियम, अमेरिका पुगेका अध्यक्ष कमल थापाले राजतन्त्र पुनर्स्थापना राष्ट्रिय विकल्पको मुद्दा भएको बताइरहेका छन् । थापाले भ्रमणमा गएका देशमा पुगेर भनेका छन्– राष्ट्रियता संकटमा छ, यसको प्रमुख कारण राजनीतिक दलहरू नै हुन् ।

राजतन्त्रको पुन:स्थापनाबाट मात्र राष्ट्रियता सबल र मजबुत हुनसक्छ । राजतन्त्रको सान्दर्भिकता अझै समाप्त भइसकेको छैन । राप्रपा नेपाल जातीय साम्प्रदायिक संघीयताको विरोधी हो ।

देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरुको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरुको कर्तव्य हो ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

# संखुवासभाको खवर

## संखुवासभामा एड्स सचेतना कार्यक्रम अलपत्र

खाँदबारी । सखुवासभा जिल्लामा एचआईभी नियन्त्रण गर्नका लागि सञ्चालन गर्ने भनिएको एड्स सचेतना कार्यक्रम रकम अभावका कारण अलपत्र परेको छ । एचआईभी नियन्त्रणका लागि स्थापना गरिएको राष्ट्रिय एचआईभी तथा एड्स नियन्त्रण संघसमेत रकम नपाएर सञ्चालनका लागि समस्यामापरेको छ । खाँदबारीमा दुई वर्ष अघि स्थापना भएको उक्त संघले सहयोग नपाएपछि कार्यक्रम अलपत्र परेको हो ।

एचआईभी पोजेटिभ देखिएका संक्रमितलाई हौसला र रोग लाग्न नदिन अपनाउने विधिका बारेमा जानकारी दिई गाउँगाउँमा सचेतना फैलाउँदै आएको उक्त संघलाई सञ्चालन गर्न संस्थापक रैवतबहादुर पोखरेलले आफूले पालेका गाई चौपायासमेत बिक्री गरिसकेका छन् । उनले बहिनीको गहना बेचेर कार्यालय भाडातिरेको बताए । पाँच वर्षअघि एचआईभी देखिएपछि संखुवासभा भित्रिएका रैवत संघ सञ्चालनमा घरको आय खर्च गर्न थालेपछि बिचल्लीमा पर्ने अवस्था आएको उनको परिवारले जनाएको छ ।

संघलाई केन्द्रबाट पनि सहयोग आएको छैन । वैदेशिक रोजगारमा जाँदा एचआईभी संक्रमित भएका युवायुवतीको उद्धार गर्ने लक्ष्यका साथ उनले संघ खोलेको बताए । एचआईभी सचेतना कार्यक्रमका लागि जिल्ला विकास समिति र खाँदबारी नगरपालिकामा पोखरेलले करिब तीन लाख ५५ हजार रुपैयाँको प्रस्ताव दर्ता गरेका थिए । राजनीतिक दलले सञ्चालन गरेका स्थानीय निकायबाट सहयोग नपाएपछि उक्त प्रस्ताव स्वीकृत भएन । जिल्ला विकास समितिका योजना तथा प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद निरौंला गत आर्थिक वर्षमा सहयोग गर्न नसके पनि यस वर्षमा केही सहयोग गरिने बताउँछन् । स्वास्थ्य प्रमुख चिकित्सक विष्णुबहादुर बस्नेतले जिल्लामा ६२ एचआईभी संक्रमित भएको बताए ।

## उमावि सञ्चालन हुने

खाँदबारी । संखुवासभा जिल्लाको मादीमूलखर्क गाविसस्थित विनोद माध्यमिक विद्यालयले चालू आर्थिक वर्षदेखि उच्च मावि तह सञ्चालन गर्ने भएको छ । गत शैक्षिकसत्रमै उच्च मावि सञ्चालनको स्वीकृति लिइसकेको भए पनि यस वर्ष मात्र विद्यालयले उच्च मावि तह सञ्चालन गर्ने भएको हो । मानविकी संकायको समेत स्वीकृति पाएको भए पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले वाणिज्य संकायतर्फ मात्र पठनपाठन सञ्चालन गर्ने निर्णय भएको प्रधानाध्यापक इन्द्रमणि कोरंगीले बताए । उच्च मावि सञ्चालनकै लागि विद्यालयले काठमाडौंमा रहेका शुभेच्छुकबाट १० लाख रुपैयाँ संकलन गरिसकेको छ भने गाविस र सांसद क्षेत्र विकास कोषसमेतबाट गरी १७ लाख भन्दा बढी रकम जुटाइ सकिएको विद्यालयले जनाएको छ ।

## राईको रहस्यमय मृत्यु

खाँदबारी । संखुवासभा जिल्लाको माम्लिङगाविस ५ का ५० वर्षी गंगाराम राईको रहस्यमय तरिकाबाट मृत्यु भएको छ । उनको हत्या भएको हुन सक्ने प्रहरीले जनाएको छ । घरमुनि रहेको आरुको बोटमा डोरीले झुण्ड्याइएको अवस्थामा बिहीबार तथा टाउकोमा धारिलो हतियार प्रहारको चोट भेटिएको संखुवासभाका प्रहरी नायब उपरीक्षक शेखर कोइरालाले बताए । घटनास्थलनजिक प्रहरीले बन्चरोसमेत फेला पारेको छ । घटनाका बारेमा अनुसन्धान गर्नका लागि भन्दै इलाका प्रहरी कार्यालय चैनपुरले गंगारामका छोरा १९ वर्षीय गणेशलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

## स्वास्थ्यचौकीमा औषधी अभाव

खाँदबारी । वर्षासँगै बिरामीको चाप बढिरहेपछि संखुवासभा जिल्लाको मादीराम्बेनी स्वास्थ्य चौकीमा अभाव भएको छ । जिल्ला स्वास्थ्य कार्यालयबाट समयमै औषधी आइनपुग्दा चौकीमा औषधिको अभाव भएको स्वास्थ्य चौकीले जनाएको छ । स्वास्थ्य चौकीमा पाइने ३२ प्रकारका औषधिमध्ये अहिले अत्यावश्यकसहित १६ प्रकारका औषधी नभएको स्वास्थ्यचौकीकी अनमी विष्णु गुरुङले जानकारी दिइन् । स्वास्थ्यचौकीका स्वास्थ्यकर्मी तथा निमित्त इन्चार्ज तुलसीप्रसाद दाहालका अनुसार, जिल्ला कार्यालयमा जानकारी गराई सक्दासमेत औषधि समयमा आइनपुगेको हो । स्वास्थ्य चौकीले मादी राम्बेनीका साथै मावादिन र मादीमूलखर्क गाविसका बासिन्दालाई समेत सेवा पुऱ्याउँदै आएको छ । स्वास्थ्यचौकीमा ज्वरो, निमोनिया र रुघाखोकीलगायतका बिरामी औषधी अभावमा उपचार विहीन भई घर फर्कन बाध्य छन् ।